वार्षिक प्रतिवेदन २०८१/८२

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार जाँचपास परीक्षण कार्यालय

त्रिपुरेश्वर, काठमाडौं

भन्सार जाँचपास परीक्षण कार्यालय

सम्पर्क

भन्सार जाँचपास परीक्षण कार्यालय

ठेगाना

त्रिपुरेश्वर काठमाडौं

टेलिफोन

००-९७७-०१-५९१७१९२

००-९७७-०१-५९१७१९३

००-९७७-०१-५९१७१९४

००-९७७-०१-५९१७१९५

००-९७७-०१-५९१७१९६

००-९७७-०१-५९१७१९७

००-९७७-०१-५९१७१९८

फ्याक्स

००-९७७-०१-४११७०५४

इमेल

pca@customs.gov.np

मन्तव्य

परम्परागत रूपमा राजस्व संकलनको मात्र उद्देश्यले भन्सार कार्यालयहरू सञ्चालन हुने गरेकोमा समयको परिवर्तनसँगै भन्सार प्रशासनको भूमिकामा पनि परिवर्तन हुँदै गएको छ । नियन्त्रण र सन्तुलनका बीच व्यापार सहजीकरण गरी अन्तर्राष्ट्रिय व्यापारको आपूर्ति श्रृंखलालाई सुचारू राख्नुपर्ने चुनौतीपूर्ण कार्य हालको भन्सार प्रशासनको काँधमा आएको छ । यो चुनौतीलाई सामना गर्न जोखिम व्यवस्थापनमा आधारित भन्सार जाँचपास प्रणाली अवलम्बन गर्नुका अतिरिक्त जाँचपास पछि परीक्षण गर्ने गरी भन्सार विन्दुमा सहज तरिकाले मालवस्तु जाँचपास गर्ने विश्वव्यापी रूपमा स्वीकार्य अवधारणालाई नेपालको भन्सार प्रशासनले पनि कार्यान्वयनमा ल्याएको छ । यसै सन्दर्भमा वि.स. २०६६ साल आश्विन ५ गते नेपालमा भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना गरिएको हो ।

यस वार्षिक प्रतिवेदनमा भन्सार जाँचपास पछि गरिने परीक्षण **Post Clearance Audit** का विषयमा सामान्य जानकारी दिँदै आर्थिक वर्ष २०८१/८२ मा यस कार्यालयले सम्पादन गरेका भन्सार जाँचपास पछिको परीक्षण, व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति उल्लेख गरिएको छ । भन्सार विभाग मातहत रहेको यस भन्सार जाँचपास परीक्षण कार्यालय कामको हिसाबले अरू भन्सार कार्यालयभन्दा भिन्न रहेको छ । अन्य भन्सार कार्यालयको प्रमुख उद्देश्य भन्सार विन्दुमै जाँचपास एवम् व्यापार सहजीकरणका माध्यमबाट सहज रूपमा भन्सार जाँचपास गरी तोकिएबमोजिमको महसुल दरमा राजस्व असुली गर्ने हो भने, यस कार्यालयको कार्यक्षेत्र भन्सारबाट मालवस्तु जाँचपास भइसकेपछि सम्बन्धित कारोवारको परीक्षण (**Audit**) गरी भन्सारसम्वन्धी कानुनको परिपालना भए नभएको सुनिश्चित गरी कम असुल भएको, छुट भएको वा अन्य विवरण फरक पारी राजस्वमा असर परेको पाइएमा त्यस्ता कमजोरी वा विचलन सच्याउन लगाई भविष्यमा पनि त्यस प्रकारका कमीकमजोरी हुन नदिन सुझाव दिनु हो । यसैअनुरूप यस कार्यालयले उपलब्ध स्रोत र साधनले सम्भव भएसम्म कार्यसम्पादन गर्दै आएको

छ । यस कार्यालयलाई सुम्पिएको जिम्मेवारी पूरा गर्न समय समयमा नीतिगत मार्गदर्शन र निर्देशन प्रदान गर्नुहुने माननीय अर्थमन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरू, भन्सार विभागका महानिर्देशकज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यालयका सम्पूर्ण कर्मचारी, भन्सार जाँचपास पछिको परीक्षण कार्यमा सहयोगी वातावरण तयार गरिदिने सबै भन्सार कार्यालयहरू, उद्योग वाणिज्य क्षेत्रका सङ्घ संस्थाहरू, भन्सार एजेन्ट, यस कार्यालयका सम्पूर्ण कर्मचारी एवम् अन्य सरोकारवालाहरूलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

असोज, २०८२

चिरन्जिवी तिम्सिना

प्रमुख भन्सार परीक्षण प्रशासक

विषय सूची

१.	पृष्ठभूमि	१
२.	नेपालमा भन्सार जाँचपास पछिको परीक्षणको विकास	२
३.	जाँचपास पछिको परीक्षणको उद्देश्य	४
४.	जाँचपास पछिको परीक्षणको आवश्यकता एवं महत्व	५
५.	जाँचपास पछिको परीक्षणको फाइदाहरु	६
६.	जाँचपास पछिको परीक्षणका प्रकारहरु	६
७.	भन्सार जाँचपास पछिको परीक्षण चक्र	८
८.	भन्सार जाँचपास परीक्षण सम्बन्धी कानुनी ब्यबस्था	८
९.	भन्सार जाँचपास परीक्षण कार्यालयको सांगठनिक ढाँचा	११
१०.	भन्सार जाँचपास परीक्षण कार्यालयको दरबन्दी विवरण	१३
११.	भन्सार जाँचपास परीक्षण कार्यालयको मूलभूत कार्यहरु	१४
१२.	जाँचपासपछिको परीक्षणका लागि छनौट गर्ने जोखिमका सूचकहरु	१७
१३.	आ.व. २०८१/०८२ को प्रगति विवरण	१८
१४.	बक्यौता	२८
१५.	बेरुजुको अवस्था	२९
१६.	वित्तीय प्रगति	२९

१७.	विगत ५ वर्षको महशुल निर्धारण तथा बक्यौता असुलीबाट दाखिला भएको राजस्व तथा खर्चको अवस्था:	३०
१८	अन्य	३१
१९.	भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी अन्तरक्रिया	३१
२०.	तालिम तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरु	३२
२१.	परीक्षण तथा पुनरावलोकन	३४
२२.	समस्या तथा चुनौतिहरू	३५
२३.	आ.व. २०८१/८२ को रणनीति तथा कार्यनीति	३६
२४.	निष्कर्ष	३८
परिशिष्ट – १ भन्सार ऐन, २०६४ को दफा ३४		४१
परिशिष्ट – २ भन्सार नियमावली, २०६४ को परिच्छेद- ५		४५
परिशिष्ट – ३ अन्तरक्रिया र तालिम कार्यक्रमका तस्वीरहरु		४७

भन्सार जाँचपास पछिको परीक्षण
Post Clearance Audit (PCA)

१. पृष्ठभूमिः

निकासी वा पैठारी भएको मालवस्तु घोषणाबमोजिम भए/नभएको, मालवस्तुको भन्सार मूल्य यथार्थ भए/नभएको, मालवस्तुको वर्गीकरण उपशीर्षक ठीक भए/नभएको, मालवस्तुको स्पष्ट घोषणा भए/नभएको, मालवस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने महसुल बुझाए/नबुझाएको, पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु उद्देश्य बमोजिम प्रयोग भए/नभएको र समष्टिगत रूपमा मालवस्तु निकासी वा पैठारी गर्दा सम्बन्धित कानुनी व्यवस्थाको परिपालना भए/ नभएको जस्त कुराहरू यकीन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद, बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गरेर जाँचपास पछिको परीक्षण गरिन्छ। यस्तो परीक्षण गर्दा कानुनको अज्ञानताको कारण भएको गल्ती, असावधानीवस भएको कानुनको उल्लङ्घन र जानाजानी गरेको गल्ती समेत पत्ता लगाई कानुनको पालना गराउने र राजस्व विचलन हुन गएको पाइएमा त्यस्तो रकम असुलउपर गर्ने कार्यसमेत गरिन्छ।

यस अन्तर्गत भन्सारमा पैठारीकर्ताले पेस गरेको कागजात र विवरणलाई तत्काल मान्यता दिई जाँचपास गर्ने र मालवस्तु पैठारीकर्ताको व्यापारिक स्थल, गोदाम वा औद्योगिक केन्द्रमा पुगिसके पश्चात एवम् विक्री भएपछि समेत भन्सारमा पेस गरिएको विवरण सत्य भए/नभएको परीक्षण गर्ने कार्य गरिन्छ। परीक्षण गर्ने क्रममा मालवस्तुको भन्सार विन्दुमा घोषित मूल्य र बजार मूल्य बीचको तुलना एवम् विश्लेषण गरी भन्सारमा घोषित मूल्य र बजार मूल्यको बीचमा अस्वाभाविक अन्तर देखिएमा आयातित मालवस्तुको भन्सार ऐनअनुसार पुनःमूल्याङ्कन गरी थप महसुल र जरिवाना समेत असुलउपर गर्ने कार्य जाँचपास पश्चातको परीक्षणबाट गरिन्छ। यसलाई भन्सार आधुनिकीकरणको अत्यन्तै महत्वपूर्ण औजारका साथै व्यापार सहजीकरण एवम् नियन्त्रणको प्रभावकारी माध्यमका रूपमा समेत लिइन्छ।

विश्व व्यापार संगठनको मूल्याङ्कनसम्बन्धी सम्झौताको कार्यान्वयन गर्न, संशोधित क्योटो अभिसन्धि कार्यान्वयन गरी भन्सारका प्रक्रियाहरूलाई सरलीकरण गर्न, व्यापार सहजीकरण, पारदर्शिता र राजस्व सङ्कलनका बीचमा सन्तुलन कायम गर्न भन्सार प्रशासनमा अवलम्वन गरिएको नवीन कार्यपद्धतिको रूपमा जाँचपास पछिको परीक्षणलाई लिन सकिन्छ । Revised Kyoto Convention का अनुसार PCA भनेको पैठारीकर्ताको घोषणा कानुनबमोजिम ठीक दुरूस्त वा वास्तविक कारोवार मूल्यमा आधारित छ भनी भन्सार विश्वस्त हुनका लागि उसको कागजात, खाता बही, व्यावसायिक प्रणाली वा पद्धति, वित्तीय सूचना तथा तथ्यांक आदिको निरीक्षण परीक्षण गर्ने कार्यलाई जनाउँछ । यसले विकास गरेका New Technology Opening hours, Post Clearance Audit (PCA), Pre-arrival processing, Single Window लगायतका धेरै व्यापार सहजीकरण तथा भन्सार आधुनिकीकरणका Tools वा नवीन अवधारणाहरूको विकास गर्ने क्रममा सन् १९९९ जुनमा भन्सार जाँचपास पछिको परीक्षणको विकास भएको हो भने सन् २००६ फेब्रुअरी ३ बाट यसलाई विश्वव्यापीरूपमा कार्यान्वयन गरिएको थियो । यसै क्रममा नेपालमा विक्रम सम्बत् २०६६ असोज ५ गते भन्सार विभागअन्तर्गत छुट्टै निकायको रूपमा भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना भएको हो । साविकमा भन्सार जाँचपास परीक्षण कार्यालयका अतिरिक्त भन्सार कार्यालयहरूले समेत गरी आएको भन्सार जाँचपास पछिको परीक्षण गर्ने कार्य भन्सार ऐन, २०६४ को छैटौं संशोधनबाट भएको कानुनी व्यवस्थाअनुसार २०७४ जेठ १५ गतेदेखि भन्सार जाँचपास परीक्षण कार्यालयले गर्दै आएको छ ।

२. नेपालमा भन्सार जाँचपास पछिको परीक्षणको विकास:

भन्सार ऐन, २०१९ को सातौं संशोधन (२०५४) बाट सो ऐनमा दफा ४४ (ख) थप गरी जाँचपास भएका मालवस्तुहरूको प्रज्ञापनपत्रहरू भन्सार कार्यालयहरूले पुनरावलोकन गर्न सक्ने, र पुनरावलोकन गर्दा जाँचपास भएको मितिले ४ वर्षभित्र गरिसक्ने भन्ने व्यवस्था राखिएको थियो । यो व्यवस्था खासगरी भन्सार कार्यालयहरूले कानुनबमोजिम असुल हुनुपर्ने राजस्व छुट भए /नभएको यकिन गर्नका लागि गर्ने आन्तरिक लेखा परीक्षण मात्र थियो । वि.सं. २०५७ बाट नेपालको भन्सार प्रशासनले भन्सार मूल्याङ्कन गर्ने प्रयोजनका लागि GATT Valuation पद्धतिलाई अवलम्बन गरेपछि भन्सार ऐन, २०१९ को सातौं संशोधन र आर्थिक ऐन, २०५७ बाट भन्सार कार्यालयले नै कारोवार मूल्यका आधारमा भन्सार मूल्याङ्कन गर्न सक्ने व्यवस्था गरियो ।

सन् २००४ अप्रिलमा नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गरेपछि बाध्यात्मक रूपमा नै WTO Valuation System लाई भन्सार मूल्यांकन गर्ने प्रयोजनका लागि अवलम्बन गर्नुपर्ने भएकाले कारोवार मूल्यका आधारमा भन्सार मूल्याङ्कन हुन थालेपछि आर्थिक वर्ष २०६०/०६१ मा भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजनाको प्रथम चरणमा भन्सार जाँचपास पछिको परीक्षणलाई औपचारिक रूपमा वार्षिक कार्यक्रममा र आर्थिक ऐनहरूमा प्रवेश गराइयो।

आर्थिक वर्ष २०६०/०६१ देखि २०६३/०६४ सम्म तत्कालीन आर्थिक ऐनहरूले दिएको अधिकार प्रयोग गरी परीक्षण हुँदै आएकोमा २०६४ सालमा नयाँ भन्सार ऐन आएपछि सो ऐनको दफा ३४ मा जाँचपास पछिको परीक्षणसम्बन्धी प्रावधानलाई समावेश गरियो। सो ऐन अन्तर्गत बनेको भन्सार नियमावली, २०६४ मा पनि भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी प्रयोजनका लागि छुट्टै परिच्छेदको व्यवस्था गरियो।

आर्थिक वर्ष २०६६/०६७ भन्दा पूर्व सम्बन्धित भन्सार कार्यालयहरू र भन्सार विभागको मूल्याङ्कन शाखाबाट परीक्षण हुँदै आएकोमा आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्यमार्फत भन्सार जाँचपास पछिको परीक्षण कार्यका लागि छुट्टै भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्ने घोषणा भएअनुरूप कार्यालय स्थापना गरी सो कार्यालयबाट र सबै भन्सार कार्यालयहरूबाट समेत जाँचपास पछिको परीक्षणको कार्य हुदै आएकोमा २०७४ देखि भन्सार जाँचपास परीक्षण कार्यालयबाट परीक्षणको कार्य हुने गरेको छ। त्यसपछि पनि भन्सार ऐन तथा नियमावलीमा संशोधन गरी जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउने प्रयासहरू हुँदै आएका छन्। यसरी हाल यससम्बन्धी संस्थागत व्यवस्था, कानुनी एवम् कार्यविधिगत व्यवस्था तथा आवश्यक जनशक्तिको समेत व्यवस्था गरी जाँचपास पछिको परीक्षणलाई भन्सार प्रशासनको मुख्य औजारका रूपमा स्वीकार गरिएको छ। भन्सार जाँचपास परीक्षण कार्यालयमा हाल राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख रहने गरी प्रमुख भन्सार परीक्षक ७, भन्सार परीक्षक १२ सहित रा. प. तृतीय १७ जना, नायव सुब्बा स्तरका १२ जना र अन्य सहयोगी कर्मचारीसमेत गरी ४५ जना कर्मचारीहरूको दरबन्दी रहेको छ।

नेपालमा भन्सार जांचपासपछिको परीक्षणको विकासक्रम



३. जाँचपास पछिको परीक्षणको उद्देश्य:-

आधुनिक भन्सार प्रशासनमा महत्त्वपूर्ण औजारको रूपमा अङ्गीकार गरिएको जाँचपास पछिको परीक्षणका मुख्य-मुख्य उद्देश्यहरू निम्न बमोजिम रहेका छन् ।

- भन्सारको कानुन तथा प्रक्रियाबमोजिम नै पैठारीकर्ताले घोषणा गरी पूर्णरूपमा कर सहभागिता तथा सामाजिक दायित्व पूरा गरे/नगरेको एवम् व्यावसायिक प्रणाली वा पद्धति, लेखाप्रणाली र कारोवार स्थलको निरीक्षण परीक्षण गर्ने । *To Assure that Customs declarations have been completed in compliance with Customs requirements, via examination of a trader's systems accounting records and premises.*

- भन्सारमा दाखिला गर्नुपर्ने कर दायित्वको पहिचान गरी सो कर दाखिला गरे/ नगरेको परीक्षण गर्ने । *To verify that the amount of revenue legally due has been identified and paid.*
- असल व्यवसायी वा पूर्णरूपमा कर सहभागिता जनाउने अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकासी तथा पैठारीकर्ताका लागि व्यापार सहजीकरण गर्ने । *To facilitate international trade movements of the compliant trade sector*
- निकासीकर्ता वा पैठारीकर्ताले कानुनबमोजिम पूरा गर्नुपर्ने प्रक्रिया तथा प्रमाणहरू वा दायित्वहरू पूरा गरे/नगरेको सुनिश्चित गर्ने । जस्तैः प्रतिबन्धित वस्तुको कारोवार, सिफारिस, अनुमति पत्र, उत्पत्तिको प्रमाण पत्र आदि । *To ensure goods liable to specific import/export controls are properly declared, including prohibitions and restrictions, licenses, quota, etc.*
- निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी गर्ने अधिकारका विषयमा सुनिश्चित हुने । *To ensure conditions relating to specific approvals and authorizations are being observed, e.g. pre-authenticated transit documents, preferential origin/movement certificates, licenses, quota arrangements, Customs and excise warehouses and other simplified procedure arrangements.*
- मालवस्तुको आवागमनलाई बढी सुविधायुक्त तुल्याउन आवागमनमा आधारित नियन्त्रण *Transaction Based Control* लाई लेखा परीक्षणमा आधारित नियन्त्रण *Audit Based Control* मा रूपान्तरण गर्नु ।

४. जाँचपास पछिको परीक्षणको आवश्यकता एवम् महत्वः-

जाँचपास पछिको परीक्षणमा पैठारीकर्ताको व्यावसायिक विश्वसनीयताको समेत परीक्षण गरिने हुंदा यसले पैठारीकर्ताको व्यावसायिक विश्वसनीयता वृद्धि गर्न समेत सहयोग पुर्याउँदछ । यसले पैठारीकर्ताको कानुन पालनाको स्तरलाई मापन गर्न भन्सार प्रशासनलाई सघाउ पुर्याउँछ भने जोखिम व्यवस्थापनका सूचकांङ्क विकास गर्न सूचना प्रदान गर्नुका साथै राजस्व चुहावट नियन्त्रण गर्न र भन्सार जाँचपासको प्रक्रियालाई सुधारका लागि पृष्ठपोषण समेत प्रदान गर्दछ ।

पैठारीकर्ता वा निजको तर्फबाट काम गर्ने भन्सार एजेन्टले पैठारी गरिएका वस्तुहरूको वास्तविक कारोवार मूल्यमा लाग्ने कर तथा अन्य महसुल गणना गरी भन्सार कार्यालयमा स्वयं घोषणा गरी दाखिला गर्नु पर्दछ। जसलेगर्दा व्यवसायीले ज्ञानको अभावले वा सम्बन्धित कानुनको गलत व्याख्या गरेर वा नियतपूर्वक गलत घोषणा गर्न सक्ने सम्भावना समेत रहन्छ। जाँचपास पछिको परीक्षणले त्यस्ता क्रियाकलापहरूलाई पहिचान गरी छुट हुन गएको राजस्व असुल गर्ने एवम् कानुनको उल्लङ्घन गर्नेलाई कारवाहीको दायरामा ल्याउन सघाउ पुर्याउने हुँदा भन्सार प्रशासनका लागि आवश्यक देखिन्छ।

५. जाँचपास पछिको परीक्षणका फाइदाहरू

- राजस्व चुहावट भए नभएको यकिन गरी असुलउपर गर्ने।
- चुहावटको प्रकृतिलाई विश्लेषणगरी सोको पृष्ठपोषण भन्सार कार्यालयलाई दिने।
- विश्वसनीय पैठारीकर्ताको पहिचान गर्ने।
- व्यावसायिक वातावरणमा हुने अस्वस्थ्य प्रतिस्पर्धालाई अन्त्य गर्ने।
- भन्सार जाँचपासमा लाग्ने समय र लागत कम गरी जाँचपासलाई सहजीकरण गर्ने।
- भन्सार प्रशासनलाई अझ बढी व्यावसायिक बनाउन सहयोग गर्ने।
- पैठारीकर्ताको गल्ती वा त्रुटिहरूको पहिचान गरी सम्बन्धित निकायमा आवश्यक कारवाहीका लागि अनुरोध गर्ने।
- अनौपचारिक अर्थतन्त्रको न्यूनीकरणमा सहयोग पुग्ने।

६. जाँचपास पछिको परीक्षणका प्रकारहरू

निकासीकर्ता वा पैठारीकर्ताको भन्सार जाँचपास पछिको परीक्षण गर्दा निजको कारोवारस्थल वा कार्यालय तथा भन्सार जाँचपास परीक्षण कार्यालयमा निजको सुविधाअनुसार गर्न सकिने छ भने भन्सार जाँचपास पछिको परीक्षणका लागि छनौट भएका निकासीकर्ता वा पैठारीकर्ताको परीक्षण गर्दा कारोवार स्थलमा वा निजको कार्यालय तथा भन्सार जाँचपास परीक्षण कार्यालयमा परीक्षण गर्ने गरिएको छ। परीक्षणका क्रममा कागजातको विश्लेषण गर्नुका साथै आवश्यकता अनुसार निजको कारोवारस्थल वा मालवस्तुको समेत परीक्षण गरी भन्सार जाँचपास पछिको परीक्षण गर्न सकिने कानुनी व्यवस्था रहेको छ। भन्सार जाँचपास परीक्षण कार्यविधि, २०७८ मा उल्लेखित सूचक तथा

अन्य राजस्व जोखिमका सूचकहरूको आधारमा भन्सार जाँचपास पछिको परीक्षणका लागि छनोट भएका मालवस्तु तथा निकासीकर्ता वा पैठारीकर्ताको परीक्षणका प्रकारहरू निम्नानुसार रहेका छनः–

(क) **प्रज्ञापनपत्रको परीक्षण (Consignment Audit):** निकासीकर्ता वा पैठरीकर्ताले कुनै एउटा प्रज्ञापनपत्रबाट पैठारी गरेका मालवस्तुको मात्र परीक्षण गर्ने कार्यलाई प्रज्ञापनपत्रको परीक्षण भनिन्छ । जसमा सो प्रज्ञापनपत्रबाट निकासी वा पैठारी भएको मालवस्तुसँग सम्बन्धित विषयमा मात्र परीक्षण गर्ने गरिन्छ ।

(ख) **वस्तुमा आधारित परीक्षण (Product Audit):** कुनै पनि निकासीकर्ता वा पैठारीकर्ताले एउटै वा विभिन्न भन्सार कार्यालयहरूबाट पैठारी गरेको एकै प्रकृतिका मालवस्तुको परीक्षण गर्ने कार्यलाई वस्तुमा आधारित परीक्षण भन्ने गरिन्छ । यस्तो परीक्षणमा निकासीकर्ता वा पैठारीकर्ताको समग्र Consignment (कन्साइनमेन्ट) को परीक्षण नगरी खास वस्तुलाई मात्र छनोट गरी परीक्षण गरिन्छ । मूल्य, महसुल दर जस्ता जोखिम बढी भएका वस्तुहरू छनोट गरी परीक्षण गरिने हुनाले यसलाई वस्तुमा आधारित जाँचपास पछिको परीक्षण भनिएको हो । यस्तो परीक्षणका लागि योजना बनाई व्यावसायीको कारोवारस्थलमा समेत गई आवश्यक सूचना एवम् जानकारी संकलन गरिन्छ भने त्यस्ता वस्तुको कारोवारसँग सम्बन्धित समग्र पक्षको विस्तृत परीक्षण गरिन्छ ।

(ग) **फर्मको परीक्षण (Firm Audit):** कुनै एउटा व्यापारिक फर्म वा कुनै निकासीकर्ता वा पैठारीकर्ताको कुनै निश्चित अवधिको सम्पूर्ण निकासी वा पैठारीसम्बन्धी कारोवारहरूको विस्तृत परीक्षण गर्ने कार्यलाई फर्मको परीक्षण भनिन्छ । राजस्व जोखिमको हिसाबले कुनै निकासीकर्ता वा पैठारीकर्ताको विस्तृत परीक्षण गर्नुपर्ने अवस्थामा यस्तो परीक्षण गरिन्छ । सम्वद्ध अन्य निकायहरूको संलग्नता समेतमा संयुक्त रूपमा परीक्षण गर्नुपर्ने अवस्थामा समेत यसै पद्धतिको प्रयोग गर्ने गरिन्छ । यस्तो परीक्षण गर्न स्थलगत भ्रमणको योजना वनाउने, जोखिमका आधारहरू तोक्ने र जोखिम सूचकका आधारमा परीक्षणका लागि पैठारीकर्ताको छनोट गरी पैठारीकर्ताको कारोवारसँग सम्बन्धित सम्पूर्ण पक्षहरूको विस्तृत परीक्षण गरिन्छ ।

७. भन्सार जाँचपास पछिको परीक्षण चक्र:-

विश्व भन्सार संगठनले जाँचपास पछिको परीक्षणको कार्यान्वयनलाई प्रभावकारी रूपमा सम्पादन गर्न सबै सदस्यहरूलाई सहयोग पुर्याउने उद्देश्यले PCA सम्बन्धी Guideline को Volume १ र २ प्रकाशित गरेको छ। Volume १ मा परीक्षण कार्य सञ्चालन गर्न Cycle का रूपमा प्रक्रियाहरू तोकेको छ। सोही अनुरूप नेपालको भन्सार प्रशासनले पनि भन्सार जाँचपास परीक्षण कार्यालयले जोखिम व्यवस्थापनका सूचक पहिचान गर्ने, परीक्षण योजना बनाउने, परीक्षणका लागि पैठारीकर्ताको छनोट गर्ने, परीक्षणको तयारी गर्ने, स्थलगत परीक्षण गर्ने, परीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने र सोको मूल्यांकन एवम् अनुगमन गर्ने प्रक्रियालाई समेटी परीक्षणको कार्य गर्दै आइरहेको छ।



८. भन्सार जाँचपास परीक्षणसम्बन्धी कानुनी व्यवस्था

भन्सार जाँचपास परीक्षण कार्यालयले भन्सार ऐन, २०६४, भन्सार नियमावली, २०६४, साल वसाली रूपमा आउने आर्थिक ऐन, भन्सार जाँचपास परीक्षण कार्यविधि, २०७८ लगायतका कानुन तथा

कार्यविधि अवलम्बन गरी आफ्नो कार्य सम्पादन गर्दै आइरहेको छ । यी कानुनहरूमा भन्सार जाँचपास परीक्षण कार्यालयको परीक्षणको सिलसिलामा गर्ने कार्य, परीक्षण गर्नुपर्ने विषयहरू, परीक्षण प्रतिवेदन तयार गर्ने, सफाइको मौका दिने महसुल निर्धारण तथा असुली गर्ने र तोकिएको समयमा महसुल दाखिला नगरेमा कारवाही गर्ने लगायतका व्यवस्थाहरू गरिएका छन् ।

८.१ भन्सार ऐन २०६४ मा भएका व्यवस्थाहरू:-

भन्सार ऐन, २०६४ को विभिन्न दफाहरूमा भन्सार जाँचपास परीक्षणसम्बन्धी विविध व्यवस्थाहरू गरिएका छन्, जसलाई निम्नानुसार उल्लेख गरिएको छ

- दफा २ को खण्ड (प१) मा "भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले भन्सार ऐनको दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि स्थापना गरिएको कार्यालयलाई सम्झनु पर्छ ।" भनी भन्सार जाँचपास परीक्षण कार्यालयको परिभाषा गरिएको छ ।
- यसै गरी सोही दफाको खण्ड (प२) मा "भन्सार परीक्षक" भन्नाले प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि महानिर्देशकले तोकेको अधिकारीलाई समेत जनाउँछ ।" भनी भन्सार परीक्षकको परिभाषा गरिएको छ ।
- दफा २० को उपदफा (२) मा भन्सार अधिकृतले छनौट प्रणाली बमोजिम मालवस्तु जाँचपास गर्न सक्ने व्यवस्था अन्तर्गत खण्ड (ग) मा "मालवस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपास पछिको परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने" व्यवस्था रहेको छ ।
- दफा ३४ मा जाँचपास पछि परीक्षण गर्ने सम्बन्धमा विस्तृत रूपमा व्यवस्था गरिएको छ र यस कार्यालयले सम्पादन गर्ने परीक्षणसम्बन्धी कार्यको मुख्य कानुनी आधार पनि यही दफा हो ।
- दफा ५७ को उपदफा (२०) मा पैठारीकर्ताले पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु जुन उद्देश्यले पैठारी गरेको हो त्यस्तो उद्देश्य विपरीत प्रयोग वा बिक्री गरेको वा छुट वा सुविधा नपाउने व्यक्तिले आंशिक भन्सार महसुल छुट वा सुविधामा कुनै मालवस्तु पैठारी गरेको पाइएमा भन्सार अधिकृत वा भन्सार परीक्षकले त्यस्ता मालवस्तुको भन्सार मूल्यको शतप्रतिशत जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ ।
- दफा ६२ मा परीक्षण सम्पन्न गरी महसुल र जरिबाना दाखिला गर्न दिइएको आदेशविरूद्ध

सम्बन्धित व्यक्तिले राजस्व न्यायाधीकरणमा पुनरावेदन गर्न सक्ने व्यवस्था गरिएको छ ।

८.२ भन्सार नियमावली, २०६४ मा भएको व्यवस्थाः-

भन्सार नियमावली २०६४ को परिच्छेद - ५ अन्तर्गत नियम २६, २७ र २८ मा जाँचपास पछिको परीक्षणसम्बन्धी निम्न व्यवस्थाहरू गरिएका छन्

- नियम २६ मा निकासी वा पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद, खरिद खाता, बिक्री खाता, बिक्री बीजक, मौज्दात विवरण, निकासी वा पैठारी र बिक्रीसँग सम्बन्धित बैङ्किङ अभिलेख, नाफा नोक्सान खाता, वासलातलगायत कारोवारसँग सम्बन्धित अन्य कागजातहरू निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म सुरक्षित राख्नुपर्ने व्यवस्था रहेको छ
- यसैगरी नियम २७ मा निकासी वा पैठारीकर्ताले घोषणा गरेको मूल्य यथार्थ हो वा होइन भन्ने यकिन गर्न भन्सार मूल्याङ्कनका सबै वा कुनै विधि अपनाउन सकिने व्यवस्था रहेको छ भने घोषणा गरेको मालवस्तुको परिमाण यकिन गर्न मौज्दातको भौतिक परीक्षणसमेत गर्न सकिने व्यवस्था रहेको छ ।
- त्यस्तै पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोवारको परीक्षण गर्न सकिने व्यवस्था समेत रहेको छ ।
- नियम २८ मा जाँचपास पछिको परीक्षण कार्यका लागि महानिर्देशक वा भन्सार परीक्षकले आवश्यक देखेमा निकासी वा पैठारीकर्ताको कारोवारसँग सम्बन्धित जुनसुकै भुक्तानी, बैंक खातालगायतका आवश्यक कागजातहरू १५ दिनको म्याद दिई माग गर्न सक्ने व्यवस्था रहेको छ ।भन्सार ऐन, २०६४ को दफा ३४ र भन्सार नियमावली, २०६४ को परिच्छेद ५, भन्सार जाँचपास परीक्षणका प्रमुख र महत्वपूर्ण कानुनी व्यवस्था भएकाले ती व्यवस्थाहरू उदृत गरी परिशिष्टमा राखिएका छन् ।

९. भन्सार जाँचपास परीक्षण कार्यालयको सांगठानिक ढाँचा तथा दरबन्दी संरचनाः



अनुसूची २.३

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाडौंको दरबन्दी तेरिज

सि.नं.	पद	श्रेणी	सेवा	समुह/उपसमुह	साविक	थप	घट	कायम
१	प्रमुख भन्सार परीक्षण प्रशासक	रा.प.प्र.	नेपाल प्रशासन		१			१
२	प्रमुख भन्सार परीक्षक	रा.प.द्वितीय	नेपाल प्रशासन	राजस्व	४	३		७
३	भन्सार परीक्षक	रा.प.तृ.	नेपाल प्रशासन	राजस्व	१४		२	१२
४	शाखा अधिकृत	रा.प.तृ.	नेपाल प्रशासन	सा.प्र.	१			१
५	कम्प्युटर इन्जिनियर	रा.प.तृ.	विविध		१			१
६	कम्प्युटर अधिकृत	रा.प.तृ.	विविध		१			१
७	लेखा अधिकृत	रा.प.तृ.	नेपाल प्रशासन	लेखा	१			१
८	शाखा अधिकृत	रा.प.तृ.	नेपाल न्याय	सरकारी वकिल	१			१
९	नायब सुब्बा	रा.प.अनं.प्र.	नेपाल प्रशासन	राजस्व	१०	१		११
१०	लेखापाल	रा.प.अनं.प्र.	नेपाल प्रशासन	लेखा	१			१
११	हलुका सवारी चालक	श्रेणी विहीन	इन्जिनियरिङ्ग	मे./ज.मे.	४			४
१२	कार्यालय सहयोगी	श्रेणी विहीन	प्रशासन	सा.प्र.	४			४
	स्थायी दरबन्दी जम्मा				४३	४	२	४५

नोटः स्थायी पदपूर्ति नभएमा कम्प्युटर अपरेटर, हलुका सवारी चालक र कार्यालय सहयोगी पदहरुको सेवा करारमा लिने।

रविलाल पन्थ

सचिव

१०. भन्सार जाँचपास परीक्षण कार्यालयको दरबन्दी विवरण:-

नेपाल सरकारबाट स्वीकृत दरवन्दी तेरिज बमोजिम भन्सार जाँचपास परीक्षण कार्यालयको वर्तमान स्वीकृत दरवन्दीमा देहाय बमोजिमका सेवा, समूहका कर्मचारीहरू कार्यरत एवम् रिक्त रहेको छ।

सि. नं.	पद	श्रेणी/तह	सेवा	समूह	विद्यमान दरवन्दी	रिक्त
१	प्रमुख भन्सार परीक्षण प्रशासक	रा.प.प्रथम	प्रशासन	सामान्य प्रशासन	१	०
२	प्रमुख भन्सार परीक्षक	रा.प.द्वितीय	प्रशासन	राजस्व	७	१
३	भन्सार परीक्षक	रा.प.तृतीय	प्रशासन	राजस्व	१२	५
४	शाखा अधिकृत	रा.प.तृतीय	न्याय	सरकारी वकील	१	१
५	लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	१	०
६	शाखा अधिकृत	रा.प.तृतीय	प्रशासन	सामान्य प्रशासन	१	०
७	कम्प्युटर अधिकृत	रा.प.तृतीय	विविध	विविध	१	हाल २ कार्यरत
८	कम्प्युटर इन्जिनियर	रा.प.तृतीय	विविध	विविध	१	१
9	नायब सुब्बा	रा.प.अनं.प्रथम	प्रशासन	राजस्व	११	१
10	लेखापाल	रा.प.अनं.प्रथम	प्रशासन	लेखा	१	०
11	हलुका सवारी चालक	श्रेणी विहिन	इन्जिनियरिङ्ग	ज.मे.	४	०
१2	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	सामान्य प्रशासन	४	१
जम्मा					४५	८

११. भन्सार जाँचपास परीक्षण कार्यालयको मूलभूत कार्यहरू

(क) राजस्व जोखिमसम्बन्धी कार्यका आधारमा सूचना संकलन गर्नेः-

भन्सार कार्यालयहरूबाट जाँचपास भएका प्रज्ञापनपत्रहरूमा राजस्व जोखिम भएको नभएको, जाँचपासको क्रममा वस्तु वर्गीकरण उपशीर्षक फरक परेको वा नपरेको, छुट सुविधाहरूको सही प्रयोग भए/नभएको वा न्यून बिजकीकरण भए/नभएको, वस्तुको मूल्यङ्कन सही भए/नभएको जस्ता विषयमा कार्यालयले स्वयंले सूचना संकलन गर्ने तथा अन्य नियामक निकायहरू तथा विभगबाट प्राप्त सुचनाहरूको विश्लेषण गरी राजस्व जोखिमका आधारमा परीक्षण गर्न विभागलाई आवश्यक पृष्ठपोषण प्रदान गर्दछ।

(ख) छनोटसम्बन्धी कार्यहरूः-

विभिन्न निकाय तथा स्रोतहरूबाट कार्यालयमा प्राप्त सूचनाका आधारमा परीक्षण गर्ने प्रयोजनका लागि जोखिम देखिएका प्रज्ञापनपत्रहरू, वस्तु वा फर्महरूको छनोट गरिन्छ। यसरी छनोट गर्दा भन्सार विभाग अन्तर्गत उपमहानिर्देशकको संयोजकत्वमा गठित समितिले प्रज्ञापनपत्रहरूको विभिन्न सूचकहरूका आधारमा विश्लेषण तथा जोखिम पहिचान गरी भन्सार विभागले पचास प्रतिशत र कार्यालयले सोही सुचनाका आधारमा पचास प्रतिशतको अनुपातमा प्रज्ञापनपत्रहरूको छनौट गर्ने गरिएको छ।

(ग) परीक्षणसम्बन्धी कार्यहरू -

भन्सार विभाग वा कार्यालयले छनोट भएका प्रज्ञापनपत्रहरू, वस्तु वा फर्महरू विभिन्न परीक्षण टोलीलाई जिम्मेवारी सुम्पिएर परीक्षणको कार्य सुरू हुन्छ। कार्यालयमा हाल तीनवटा परीक्षण टोलीहरू रहेका छन्। ती टोलीहरूले कानुनी प्रक्रिया, विभागीय परिपत्रका आधारमा पैठारीकर्ताले पेश गरेका प्रज्ञापनपत्रहरूको परीक्षण सम्पन्न गर्दछन्।

(घ) प्रतिवेदन लेखन र महसुल निर्धारणसम्बन्धी कार्यहरूः-

कार्यालय वा विभागबाट छनोट भएका प्रज्ञापनपत्रहरू, वस्तु वा फर्महरूको विभिन्न सुचनाहरू, पैठारीकर्ताले परीक्षणको क्रममा उपलब्ध गराएका कागजात तथा विवरणहरू, कार्यालयको सूचना

प्रविधि प्राणालीबाट प्राप्त सूचना एवम् विवरणहरूको विश्लेषण गरी परीक्षण गर्ने, परीक्षणका क्रममा देखिएका कैफियतहरूको सूची तयार गरी सोका आधारमा प्रतिवेदन लेखन कार्य गर्ने र स्वीकृत परीक्षण प्रतिवेदन बमोजिम पैठारीकर्ताको नाममा थप महसुल निर्धारण हुने/नहुने निर्णय गरी प्रतिवेदन लेखन तथा महसुल निर्धारण गर्ने काम सम्पन्न गरिन्छ ।

(ङ) राजस्व संकलन सम्बन्धी कार्यहरू:-

कार्यालयबाट स्वीकृत परीक्षण प्रतिवेदनका आधारमा पैठारीकर्ताको छुट भएको महसुल तथा अन्य करहरू भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ७ बमोजिम सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सोको जानकारी दिई सफाइ पेश गर्न पन्ध्र दिनको म्याद सहितको सूचना जारी गरिन्छ । पैठारीकर्ताले प्राप्त सुचना बमोजिम आफ्नो जिकिर तथा प्रतिवाद पेश गरेको खण्डमा सो दृष्टिगत गर्दै महसुल निर्धारण हुने/नहुने निर्णय गरिन्छ । महसुल निर्धारण हुने गरी निर्णय भएको खण्डमा निकासी वा पैठारीकर्ताको नाममा ३५ दिनको म्याद दिई महसुल दाखिला गर्ने अन्तिम महसुल निर्धारण आदेश जारी गरी सोहो बमोजिम असुलीको काम गरिन्छ ।

(च) मानव स्रोत विकाससम्बन्धी कार्यहरू:-

कार्यालयमा कार्यरत जनशक्तिको यथोचित विकास गर्न विभिन्न समयमा तालिमलगायत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गरिएका छन् । यसै सन्दर्भमा मुद्दा व्यवस्थापन तथा पुनरावेदन सम्बन्धी दुई दिने अन्तरक्रिया सहितको तालिम कार्यक्रम सम्पन्न गरियो । कार्यालयमा कार्यरत जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले १५ दिने कम्प्युटर तालिम र सवारी साधन सञ्चालन तथा सामान्य मर्मत संम्भार सम्बन्धी एक दिने प्रयोगात्मक अनुशिक्षण कार्यक्रम सञ्चालन गरी मानवस्रोत विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

(छ) अन्तरक्रिया कार्यक्रम सञ्चालन:-

निकासीकर्ता, पैठारीकर्ता, भन्सार एजेन्ट तथा अन्य व्यवसायीहरूलाई भन्सार जाँचपास परीक्षणको बारेमा सुसूचित गराउन र परीक्षणको क्रममा आउने समस्याहरूको समाधान गर्न परीक्षणमा देखिएका कैफियतहरूको सन्दर्भमा सुधार ल्याउन अन्तरक्रियात्मक कार्यक्रमहरू नेपाल राज्यभरका

ठूला भन्सार कार्यालयहरू तथा साना भन्सार कार्यालयहरू अन्तर्गत अधिक चाप र राजस्व चुहावट हुन सक्ने संम्भावना भएका क्षेत्रहरूमा विभिन्न समयमा विभिन्न क्षेत्रहरूमा १० वटा अन्तरक्रियका कार्यक्रम सञ्चालन गर्ने गरिएका छन्। यस्ता अन्तरक्रिया तथा गोष्ठीहरूबाट प्राप्त हुने सूचना तथा जानकारीहरूलाई पृष्ठपोषणको रूपमा लिने र प्राप्त सुझावहरू नीतिगत तहमा सुधारका लागि भन्सार विभाग मार्फत अर्थमन्त्रालयमा सम्प्रेषण गरिएको छ।

(ज) भन्सार विभाग तथा कार्यालयमा सुझाव पठाउने:-

भन्सार जाँचपास परीक्षणका क्रममा देखिएका कैफियतका सन्दर्भमा भन्सार विभाग तथा भन्सार कार्यालयहरूलाई आवश्यक पृष्ठपोषण दिदै आगामी दिनमा सोही प्रकृतिका गल्तीहरू नदोहोरिने व्यवस्थाका लागि परीक्षणबाट देखिएका कैफियत भन्सार विभाग, सम्बन्धित भन्सार कार्यालयहरू र उक्त करदाता दर्ता रहेको सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरूमा दिने गरिएको छ।

(ञ) बक्यौता व्यवस्थापन:-

निकासीकर्ता तथा पैठारीकर्ताको प्रज्ञापनपत्रहरू परीक्षण सम्पन्न गरी कुनै कैफियत देखिएमा कार्यालयबाट निर्णय गरी महसुल तथा जरिवाना दाखिला गर्न म्याद सहितको पत्र तामेली गरिन्छ। उक्त म्याद भित्र निकासीकर्ता वा पैठारीकर्ताले तोकिएको महसुल दाखिला नगरेमा उक्त रकम बक्यौताको रूपमा जनाइ तोकिएका सबै प्रक्रियाहरू पुरा गरी असुलउपर गर्न आवश्यक कार्य गर्ने गरिएको छ।

(ट) मुद्दाको व्यवस्थापन

कुनै निकासीकर्ता वा पैठारीकर्ताको कुनै प्रज्ञापनपत्रहरूमा कैफियत देखिई भएको महसुल निर्धारणको निर्णय उपर चित्त नबुझेमा ३५ दिनभित्र राजस्व न्यायाधीकरणमा पुनरावेदन गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयको काम कारवाहीको सम्बन्धमा प्रारम्भिक सूचना प्राप्तपश्चात उक्त विषयमा कार्यालयमा जवाफ नदिई सीधै सर्वोच्च अदालतमा समेत जाने गरेका छन्। यस प्रकारका मुद्दा मामिलाको व्यवस्थापन, साथै अन्तिम महसुल निर्धारण उपर राजस्व न्यायाधीकरणमा भएको पुनरावेदन सम्बन्धी निकासीकर्ता वा पैठारीकर्ताको प्रतिरक्षाको लागि सक्कल फायल सहित

महान्याधिवक्ताको कार्यालय मार्फत तोकिएको समयमा पुर्याउनु, मुद्दाको अन्तिम किनारा भएका अवस्था हेरी सम्मानीत सर्वोच्च अदालतमा जाने/नजाने निर्णय लगायतका विषयहरू मुद्दा व्यवस्थापन शाखाबाट हुँदै आएको छ।

१२. जांचपासपछिको परीक्षणका लागि छनौट गर्ने जोखिमका सूचकहरुः

भन्सार विभाग मातहत रहने यस भन्सार जाँचपास परीक्षण कार्यालयले कुनैपनि निकासीकर्ता वा पैठारीकर्ताको कारोवारका सम्बन्धमा परीक्षण गर्न कुन करदाताको गर्ने वा नगर्ने सम्बन्धमा निर्णय लिनु एक चुनौतीपुर्ण कार्य हो। तोकिएका लक्ष्य बमोजिमका पैठारीकर्ताहरु, फर्महरु वा मालवस्तुहरु वा प्रज्ञापनपत्रहरु छनौट गर्न भन्सार जांचपास परीक्षण कार्यविधि, २०७८ बमोजिम कुनै आर्थिक वर्षका लागि परीक्षणका लागि छनौट गर्नुपर्ने कुल संख्याको पचास प्रतिशत भन्सार विभागका उपमहानिर्देशकको संयोजकत्वमा रहने एकम समितिबाट छनौट हुने र बांकी पचास प्रतिशत यस कार्यालयको प्रमुखको संयोजकत्वमा रहने समितिबाट विभिन्न जोखिम सूचकहरुको आधारमा परीक्षणका लागि छनौट गर्ने गरिएको छ । कुनैपनि निकासीकर्ता वा पैठारीकर्ताको कारोवार सम्बन्धमा निम्न बमोजिमका विषयहरुमा जोखिम देखिएमा त्यस्ता प्रज्ञापनपत्रहरू छनौट गरी परीक्षण गर्दा परीक्षण कार्य वस्तुनिष्ठ हुने, कसैप्रति भेदभाव र पूर्वाग्रह नहुने विश्वास लिइ परीक्षणका लागि छनौट गरिने गरिएको छ।

जोखिम तथा छनौटका सामान्य आधारहरुः

१. साफ्टा सुविधा, आर्थिक ऐन/महसुल ऐनले दिएका सुविधाहरू।
२. सम्बद्ध कारोवार खर्च छुट हुन सक्ने कन्साइनमेन्टहरू।
३. बारम्बार भन्सार विन्दु र भन्सार एजेन्ट परिवर्तन गर्ने पैठारीकर्ताहरू।
४. ग़लत वर्गीकरण हुन सक्ने वस्तुहरू।
५. एउटै प्रज्ञापन पत्रमा धेरै भागमा जाने मालवस्तु घोषणा भएका कन्साइन्मेन्टहरू (57, ६१, ६२, ६३, ६४, ६५, ८५, ७० आदि)
६. वर्गीकरणमा विवाद देखिएका वस्तुहरू।
७. ब्राण्ड, मोड़ल तथा साइज स्पष्ट नखुलेको वस्तुहरू।

८. गन्तव्य स्थान काठमाडौ भइ विरगञ्ज, विराटनगर भैरहवा, त्रिवि, चोभार, सुक्खा बन्दरगाह र उत्तरी नाकाको भन्सार बाहेक अन्य भन्सारबाट जाँचपास भएका अधिक महसुल दर लाग्ने वस्तुहरू (सवारीसाधन बाहेक)

९. आर्थिक ऐनको अनुसूची १ को दफा १८(३), भन्सार महसुल ऐनको अनुसूची ४ को बमोजिम १०० आइटम/पटकभन्दा बढी जरिवाना लागेका पैठारीकर्ताहरूले पैठारी गरेका वस्तुहरू।

१०. उत्पत्तिको मुलुक Many उल्लेख गरी घोषणा भएका भाग २४ र ३३ का वस्तुहरू।

१३. आर्थिक वर्ष २०८१।८२ को प्रगति:

१३.१ परीक्षणका लागि छनौट:

भन्सार विभाग तथा भन्सार जाँचपास परीक्षण कार्यालयबाट निकासीकर्ता वा पैठारीकर्ताले जाँचपास गरेका प्रज्ञापनपत्रहरूको परीक्षण गर्ने आधार वस्तुनिष्ठ, यथार्थपरक र वैज्ञानिक होस भन्ने हेतुले आ.ब. २०८१/८२ को जांचपास परीक्षणका लागि निकासीकर्ता वा पैठारीकर्ता छनौटका लागि देहाय बमोजिमका क्षेत्रमा रहेको राजस्व जोखिमलाई आधार लिई भन्सार विभाग र भन्सार जाँचपास परीक्षण कार्यालयबाट पचास/पचास प्रतिशत पैठारीकर्ता तथा प्रज्ञापनपत्रहरु जांचपास परीक्षणका लागि छनौट गरिएको छ।

१. साफ्टा सुविधा, आर्थिक ऐन/महसुल ऐनले दिएका सुविधाहरू

क) RULE CODE: आर्थिक ऐनले दिएको सुविधा सहित भएको घोषणामा भन्सार कार्यालयले परिवर्तन गरी थप राजस्व असुल गरेको तथ्यांक विश्लेषण गर्दा छुट कोड ३३१ को हकमा सबैभन्दा धैरे परिवर्तन देखिएको हुँदा उक्त छुट कोडलाई जोखिम मानी छनौट अघि बढाइएको।

ख) छुट कोड ३३१ प्रयोग गरी घोषणा भएको हकमा भन्सार कार्यालयले परिवर्तन गर्दा थप राजस्व असुली भएको वस्तु वर्गीकरण शीर्षकलाई जोखिमयुक्त मानी निम्न वस्तु वर्गीकरणमा घोषणा गरी ३३१ छुट कोड प्रयोग भई जाँचपास भएका प्रज्ञापन पत्रहरूलाई छनौट गरिएको।

८५०१६४००, ८४१०१३००, ८५३७२०००, ८५०४२३००, ७३०९००००, ८५३८९०००, ८५१७६२२०, ८४१५१०००, ७३०८२०००, ९००११०००, ७३२६९००९०, ८५४६९०००, ८५०२१२००, ८५०२११९०, ९०३०३२००, ८५४४६०००, ८४१५८३१०, ७३०६३०००, ७३०८९०००, ८५०७९०००, ८५४४४९००, ८५०३००१०, ८५०४९०००, ३९२११९९०, ९०२५१९९०

१) पहेँलो र हरियो मार्गबाट जाँचपास भएका बीजक मूल्य रू १ करोड भन्दा माथि घोषणा भएका प्रज्ञापन पत्रहरू।

२) रातो मार्गबाट जाँचपास भएका बीजक मूल्य रू १० करोड भन्दा माथि घोषणा भएका प्रज्ञापन पत्रहरू।

ग) छुट कोड परिवर्तन गर्दा राजस्व घटेको तथ्यांक विश्लेषण गर्दा रू. १० लाख भन्दा ज्यादा राजस्व घटेका वस्तु वर्गीकरण शीर्षकहरूलाई जोखिम मानी उक्त वर्गीकरणमा घोषणा भएका प्रज्ञापनपत्रहरू (हरियो, पहेँलो, रातो, छनौट प्रणाली नभएको) छनौट गरिएको।

घ) Preference Code: घोषणाकर्ताले preference Code सुविधा सहित भएको घोषणामा भन्सार कार्यालयले परिवर्तन गरी थप राजस्व असुल गरेको तथ्यांक विश्लेषण गरी त्यसरी सुविधा परिवर्तन भएका वर्गीकरण शीर्षकहरूलाई जोखिम मानी साफ्टा सुविधामा जाँचपास भएका उक्त वर्गीकरण शीर्षकहरूको तथ्यांक विश्लेषण गर्दा ३५ लाख भन्दा बढी बीजक मूल्य भएका प्रज्ञापनपत्रहरू छनौट गरिएको।

८४८१८०९०, ४०१६९९९०, १९०१२०००, ८४०९९११०, ४०१६९३१०, ८४२१२९००, ७३२६१९००, ७३२०९०००, ७३१८१९००, ७३२३९३००, ८४८३१०००, ४८२३९०००, ९४०३६०००, ३२१३९०००, ७३०३००००, ८४८३४०००, ८७१४९९९०, ७३१८१५००, ३२१२९०००

२. सम्बद्ध कारोवार खर्च छुट हुन सक्ने कन्साइनमेन्टहरु:-

३. बारम्बार भन्सार विन्दु र भन्सार एजेन्ट परिवर्तन गर्ने पैठारीकर्ताहरु:-

क) बारम्बार भन्सार विन्दु परिवर्तन गर्ने पैठारीकर्ताहरूलाई जोखिम मानी तथ्यांक विश्लेषण गर्दा ६ वटा भन्दा बढी भन्सार विन्दु परिवर्तन गर्ने पैठारीकर्ताहरूलाई जोखिम मानी छनौट गरिएको

ख) बारम्बार भन्सार एजेन्ट परिवर्तन गर्ने पैठारीकर्ताहरूलाई जोखिम मानी तथ्यांक विश्लेषण गर्दा १० भन्दा धैरै भन्सार एजेन्ट परिवर्तन गर्ने पैठारीकर्ताहरूलाई जोखिम मानी छनौट गरिएको।

४. गलत वर्गीकरण हुन सक्ने वस्तुहरू

क) पैठारीकर्ताले घोषणा गरेको वस्तु वर्गीकरण शीर्षक परिवर्तन गरिएको तथ्यांक विश्लेषण गरी १०० पटक भन्दा धेरै परिवर्तन भएको वर्गीकरण शीर्षकलाई जोखिम मानी उक्त वर्गीकरण शीर्षकमा जाँचपास भएको ५९,१२९ प्रज्ञापनपत्रहरूको तथ्याङ्क विश्लेषण गरिएको।

८४७९९०००, ७३२६९००९०, ८४३१४९००, ९०१८९०९०, ८७१४१०००, ८७०८९९००, ८४७४९०००, ८४२१९९००, ८४७७९०००, ८४१४९०००, ८४७३३०००, ८५०४९०००, ८४२२९०९०, ८८०७३०१०, ८४१३९१००, ८४३७९०००, ८५१६९०००, ८४६७९९००, ८४२४९०००, ३९२६९०९९, ८५३८९०००, ८४८१८०९०, ८४१९८९९०, ८४१९९०००, ९०२७९०९०, ९५०३००००, ८२०५५९००, ८३०८९०००, ८४३३९०००, ८४३६९९००, ८३०२४९००, ४०१६९९९०, ८४३८९०००, ९५०६९९००

ख) हरियो तथा पहेँलो मार्गबाट जाँचपास भएका प्रज्ञापनहरूमध्ये रू.१५ लाख भन्दा बढी मूल्य रहेका।

ग) रातो मार्गबाट जाँचपास भएको हकमा मूल्य २ करोड भन्दा माथि रहेका।

घ) वर्गीकरण शीर्षक परिवर्तन गर्दा राजस्व घटेको प्रज्ञापनपत्रहरूको तथ्याङ्क विश्लेषण गर्दा रू. ५० हजार भन्दा बढी राजस्व घटेका रातो लेनबाट जाँचपास भएका प्रज्ञापनपत्रहरू।

५. एउटै प्रज्ञापन पत्रमा धेरै भागमा जाने मालवस्तु घोषणा भएका कन्साइन्मेन्टहरू

एउटै प्रज्ञापन पत्रमा धेरै भागका मालवस्तु घोषणा गरिनुलाई जोखिम मानी त्यसरी घोषणा भएका प्रज्ञापनपत्रहरूको तथ्यांक विश्लेषण गर्दा,

क) रातो मार्गबाट जाँचपास भएका र २५ वटा भागभन्दा ज्यादा भागका वस्तु घोषणा भएका।

ख) पहेँलो मार्गबाट जाँचपास भएका र ५ वटा भागभन्दा धेरै भागका वस्तु घोषणा भएका।

ग) हरियो मार्गबाट जाँचपास भएका र १० वटा भागभन्दा धेरै भागका वस्तु घोषणा भएका।

६. वर्गीकरणमा विवाद देखिएका वस्तुहरू

भन्सार विभागमा वस्तु वर्गीकरणमा विवाद पश्चात् वर्गीकरणको लागि निवेदन पर्दा घोषणाकर्ताले दावी गरेको भन्दा फरक वस्तु वर्गीकरण शीर्षकमा वर्गीकरण भएका वस्तु वर्गीकरण शीर्षकलाई जोखिम मानी छनौट गरिएको ।

७. ब्राण्ड, मोड्ल तथा साइज स्पष्ट नखुलेको वस्तुहरु:-

क) भन्सार विभागले ब्राण्ड, मोडल र साइज खुलाउने सम्बन्धमा तयार गरेको पछिल्लो सूची बमोजिम स्पष्ट नखुलेका तथा आर्थिक ऐनको अनुसूची १ को दफा १८(३) बमोजिम जरिवाना नलागेका र आइटम मूल्य १० लाख माथिका प्रज्ञापनपत्रहरूलाई जोखिम मानी छनौट गरिएको।

ख) प्राप्त सूची मध्ये मूल्य रू.१ करोड भन्दा माथि रहेका सबै प्रज्ञापनपत्रहरूलाई छनौट गरिएको ।

८. गन्तव्य स्थान काठमाडौ भइ विरगञ्ज, विराटनगर भैरहवा, त्रिवि, चोभार, सुक्खा बन्दरगाह र उत्तरी नाकाको भन्सार बाहेक अन्य भन्सारबाट जाँचपास भएका अधिक महसुल दर लाग्ने वस्तुहरु:- (सवारीसाधन बाहेक)

क) गन्तव्य स्थान काठमाडौ भइ विरगञ्ज, विराटनगर, भैरहवा, त्रि.वि., चोभार, सुक्खा बन्दरगाह र उत्तरी नाकाको भन्सार बाहेक अन्य भन्सारबाट जाँचपास भएका अधिक महसुल दर लाग्ने वस्तुहरू जाँचपास हुनुलाई जोखिमको रूपमा लिई तथ्यांक विश्लेषण गर्दा रू. २५ लाख भन्दा ज्यादा मूल्य सहित घोषणा भएको प्रज्ञापनपत्रहरूको तथ्यांक विश्लेषण गर्दा वस्तु वर्गीकरण शीर्षक र घोषणाकर्ता नदोहरिने गरी छनौट गरिएको ।

९. आर्थिक ऐनको अनुसूची १ को दफा १८(३), भन्सार महसुल ऐनको अनुसूची ४ को बमोजिम १०० आइटम/पटकभन्दा बढी जरिवाना लागेका पैठारीकर्ताहरूले पैठारी गरेका वस्तुहरू:-

क) १०० आइटम/पटकभन्दा बढी दफा १८ जरिवाना लागेका निम्न वस्तु वर्गीकरणहरूको तथ्याङ्क विश्लेषण गर्दा उपशीर्षक ३३०४ र ८५१६ लाई जोखिम हुनसक्ने प्रज्ञापनपत्रहरूको छनौट गरिएको ।

ख) ३३०४ र ८५१६ वर्गीकरणमा घोषणा भएका र आइटम मूल्य रू. १० लाखभन्दा माथि रहेका तर दफा १८ जरिवाना नलागेका प्रज्ञापन पत्रहरूको तथ्यांक विश्लेषण गरी छनौट गरिएको।

ग) रू.२० लाखभन्दा बढी मूल्य भएका शीर्षक ३३०४ (51) र ८५१६ (5) मा घोषणा भएका प्रज्ञापनपत्र हरू छनौट गरिएको।

१०. उत्पत्तिको मुलुक Many उल्लेख गरी घोषणा भएका:-

घोषणाकर्ताले उत्पत्तिको मूलुक स्पष्ट घोषणा नगरेको वस्तु वर्गीकरण शीर्षकहरूको तथ्यांक विश्लेषण गर्दा भाग २४ र ३३ मा पर्ने वस्तुहरू धैरै पटक उत्पत्तिको मुलुक many राखि घोषणा गरेको देखिएको हुँदा उक्त भागका वस्तुलाई जोखिम मानी तथ्यांक विश्लेषण गर्दा रू. ५ लाखभन्दा माथि आइटम मूल्य घोषणा भएका प्रज्ञापनपत्र (पहेँलो, र रातोमार्गबाट जाँचपास भएका) छनौट गरिएको।

११. प्रज्ञापनपत्रहरू छनौटलाई चुस्त, वस्तुनिष्ठ र यथार्थपरक बनाउन एक पैठारीकर्ताको एक मात्र प्रज्ञापनपत्र छनौटको लागि उपयुक्त आधारहरूमध्ये सबै भन्दा जोखिम र मूल्यको हकमा उच्चतम घोषित मूल्य भएको प्रज्ञापनपत्र देहाय बमोजिमका आधारमा छनौट गरिएको।

कन्साइन्मेन्ट छनौटको आधारहरू
१. ३३१ छुट कोड प्रयोग भई जाँचपास भएका
२. Prefernce कोड साफ्टा भई जाँचपास भएका
३. उत्पत्तिको मुलुक स्पष्ट नभएको
४. काठमाडौं गन्तव्य भई साना भन्सारबाट पास भएका वस्त
५. छुटकोड परिवर्तन गर्दा राजस्व घटेका
६. जोखिमयुक्त वस्तु वर्गीकरण
७. जोखिमयुक्त वस्तु वर्गीकरण परिवर्तनबाट राजस्व घटेको
८. दफा १८ ३ लागेको जोखिमको आधारमा छनौट भएको
९. धैरै भागका वस्तु घोषणा भएको
१०.ब्राण्ड, मोड़ल तथा साइज स्पष्ट नखुलेको वस्तुहरू

१३.२ जांचपासपछिको परीक्षणको कार्य प्रगति

क्र.सं.	विवरण	संख्या
१.	चालु आ. व. २०८१/८२ का लागि जिम्मेवारी सरी आएका फाइल	८५
२.	चालु आ. व. २०८१/८२ मा छनोट (विभागबाट)	१३६
३.	चालु आ. व. २०८१/८२ मा छनोट (कार्यालयबाट)	१०५
४.	यस आ.ब.मा परीक्षणका लागि छनोट भएका कुल सख्या (1+2+3)	**३२६**
५.	मिति २०८२ आषाढ मसान्त सम्म परीक्षण सम्पन्न	२७६
६.	चालु आ. व. २०८२/८३ का लागि जिम्मेवारी सरेको फाइल	५०

१३.३ जांचपासपछिको परीक्षणद्वारा निर्धारित रकमः-

आर्थिक वर्ष २०८१/८२ जम्मा २७६ वटा पैठारीकर्ताको फर्म वा प्रज्ञापनपत्रहरुको जांचपास परीक्षण सम्पन्न गरिएकोमा ५१ वटा फर्म वा पैठारीकर्ताको परीक्षण गर्दा महशुल निर्धारण भएको छ भने २२५ वटा फर्म वा पैठारीकर्ताको परीक्षण गर्दा महशुल निर्धारण नभएको अर्थात शुन्य महशुल निर्धारण भएको छ।

क्र.सं.	विवरण	वर्षिक लक्ष्य	प्रगति	प्रगति %
१.	भन्सार महसुल	७,८०,१३,०००	९,४१,८८,६७१	|४४
२.	मूल्य अभिवृद्धि कर	२,१०,४९,०००	१,६१,३३,४०१	८७|७७
३.	अन्तःशुल्क	१,५१,००,०००	२,४२,४६,३५४	१७५|१३
४.	स्वास्थ्य जोखिम कर	०	१०,७२,२००	०
५.	कृषि सुधार कर	११,७२,०००	०	
६.	अन्य	१,३४,०००	३,९१,६६४	३१७|८९
	जम्मा	११,५४,६८,०००	१३,६०,३२,२९०	११७|८१

आ. व. २०८१/८२ मा भन्सार जाँचपास परीक्षणबाट निर्धारण भएको राजस्व रकम



आ. व. २०८१/८२ मा भन्सार जाँचपास परीक्षण भएको संख्या



१३.४ विगत ५ वर्षको परीक्षण संख्याको तुलनात्मक विवरण

आ.व.	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
२०७७/०७८	३००	२४७	८२.३३
२०७८/०७९	३३०	३३१	१००.३
२०७९/०८०	३६०	३६८	१०२.२२
२०८०/०८१	४००	३७९	९४.७५
२०८१/०८२	३२६	२७६	८४.६६



१३.४ आशिकुँडाको (Asycuda) प्रणालीको लेन (Lane) अनुसार महसुल निर्धारण रकमः

आ व २०८१।८२ मा परीक्षण सम्पन्न भई महशुल निर्धारण भएका जम्मा ५१ वटा फर्म वा प्रज्ञापनपत्रहरु मध्ये आशिकुडा प्रणालीमा हाल कार्यान्वयनमा रहेको जोखिम तथा छनौट प्रणालीको लेन अनुसार विश्लेषण गर्दा देहाय बमोजिम रहेको देखिन्छ।

(रकम रू. हजारमा)

रातो		पहेँलो		हरियो		जम्मा	
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
४०	१,१७,७९१	१०	१,८२७	१	१६,४१४	५१	१,३६,०३२



१३.५ प्रकारको आधारमा भएको परीक्षणबाट निर्धारण भएको रकम

भन्सार जांचपास परीक्षण कार्यविधि, २०७८ बमोजिम जांचपास पछिको परीक्षण गर्दा पैठारीकर्ताहरुको प्रज्ञापनपत्र, फर्म र प्रोडक्ट गरि तीन प्रकारबाट परीक्षण गर्न सकिने व्यवस्था रहकोमा आर्थिक वर्ष २०८१।८२ मा जांचपास परीक्षणबाट महशुल निर्धारण भएका जम्मा ५१ वटा फर्म वा प्रज्ञापनपत्रहरुमध्ये परीक्षणको प्रकारको आधारमा देहायबमोजिम महशुल निर्धारण भएको देखिन्छ।

रू.(हजारमा)

प्रज्ञापनपत्रहरू		प्रोडक्ट		फर्म		जम्मा	
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
३०	१६१६०	११	६१९२७	१०	५७९४५	५१	१३६०३२

१३.५ छनौटको जोखिमको क्षेत्रको आधारमा परीक्षणबाट महशुल निर्धारणको अवस्था:

आर्थिक वर्ष २०८१ ।८२ मा जांचपास परीक्षणबाट महशुल निर्धारण भएका जम्मा ५१ वटा फर्म वा प्रज्ञापनपत्रहरुमध्ये परीक्षणका लागि विभिन्न जोखिमका क्षेत्रहरुको आधारमा छनौट भई जांचपास परीक्षणबाट महशुल निर्धारण भएका प्रज्ञापनपत्रहरु वा फर्महरु मध्येका देहाय वमोजिमका जोखिमका क्षेत्रहरुबाट महशुल निर्धारण भएको देखिन्छ ।

रू.(हजारमा)

वर्गीकरण		किटानी घोषणा		कारोवार खर्च		मूल्याङ्कन		साफ्टा/सुविधा		जम्मा	
संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
३८	९६६४८	५	८७६	२	१५९	१	९	५	३८३४०	५१	१३६०३२

१३.६ जांचपास पछिको परीक्षणको विश्लेषण

आर्थिक वर्ष २०८१ ।८२ मा जांचपास पछिको परीक्षणका लागि छनौट भएको संख्या, परीक्षणबाट सम्पन्न भएको संख्या तथा परीक्षणका लागि छनौट भएका क्षेत्रहरुको आधारबाट निर्धारण भएको महशुल रकमको सम्बन्धमा प्रस्तुत गरिएको माथिको विवरण तथा तालिकाहरूको समग्र विश्लेषण गर्दा देहाय बमोजिम देखिन्छ ।

- आर्थिक वर्ष २०८१ ।८२ मा जांचपास पछिको परीक्षणबाट कुल रु. ११ करोड ५४ लाख ६८ हजार महशुल निर्धारणको लक्ष्य लिईएकोमा उक्त आ. व. मा कुल रु. १३ करोड ६० लाख ३२ हजार २ सय ९० महशुल निर्धारण गरि लक्ष्यको तुलनामा करिव ११८ प्रतिशत महशुल निर्धारण भएको छ ।
- आर्थिक वर्ष २०८१ ।८२ को वार्षिक लक्ष्यमा जांचपास पछिको परीक्षणका लागि संख्या नतोकिएको भएतापनि गत आव २०८० ।८१ बाट जिम्मेवारी सरी आएका वटा फर्म र यस आबमा छनौट भएका फर्म समेत जम्मा वटा परीक्षणका लागि छनौट भएकोमा कुल संख्याको वटा अर्थात लगतमा रहेको संख्याको प्रतिशत सम्पन्न भएको छ ।

❖ परीक्षणबाट सम्पन्न भएका २७६ वटा पैठारीकर्ताहरु वा प्रज्ञापनपत्रहरु मध्ये ५१ वटाको महशुल निर्धारण भएको र २२५ वटाको परीक्षणबाट शुन्य महशुल निर्धारण भएको देखिन्छ ।जांचपास परीक्षणबाट करिव ८२ प्रतिशत पैठारीकर्ता वा प्रज्ञापनपत्रहरुबाट शुन्य महशुल निर्धारण भएको र १८ प्रतिशत पैठारीकर्ता वा प्रज्ञापनपत्रहरुबाट मात्र महशुल निर्धारण भएको तथ्यलाई एकपक्षबाट विश्लेषण गर्दा भन्सार जांचपास प्रणालीमा सहि घोषणा भई भन्सार कानूनको परिपालना वढेको अनुमान गर्न सकिन्छ भने अर्को पक्षबाट बिश्लेषण गर्दा परीक्षणका लागि पैठारीकर्ताहरुको छनौट गर्दा जोखिमका क्षेत्रहरुको आधारमा सहि ढंग र विधिले छनौट गर्ने प्रणालीको विकास गर्न नसक्दा महशुल निर्धारण गर्न नसकिने पक्षलाई समेत आगामी वर्ष परीक्षणका लागि छनौट गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

१४. बक्यौता

भन्सार जांचपास परीक्षणबाट महशुल निर्धारण भई कानूनको म्याद भित्रै निर्धारण भएको महशुल दाखिला गर्न रहेमा पैठारीकर्ताबाट असुलउपर गर्नुपर्ने रकमलाई बक्यौताको रुपमा लगत तथा अभिलेखित गरि प्रचलित कानून बमोजिम असुल गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष २०८१ ।८२ सम्म कार्यालयको अभिलेख बमोजिम वक्यौता तथा मुद्दामा रहेका कुल 2२८ वटा पैठारीकर्ताहरुको विवरण देहाय बमोजिम रहेको देखिन्छ ।

सि.नं.	विवरण	पैठारीकर्ता	रकम	कैफियत
१	गत आ. व. बाट अल्या भएको खुद बक्यौता	१९४	११८०७४३०५	
२	गत आ. व. बाट भएको अल्या पुनरावेदन तथा मुद्दा	३०	३०५३८१३५२	
३	आ.ब. २०८१/८२ मा बक्यौता लगत कट्टा	१२	२५०९१२५	
४	आ.ब. २०८१/८२ मा मुद्दा लगत कट्टा	८	१४८२१५३९	
५	आ.ब. २०८१/८२ थप बक्यौता रकम	१९	४९४५१८२९	
६	आ.ब. २०८१/८२ मा थप भएका मुद्दा	५	७३८०६६४४	
७	आ.ब. २०८१/८२ को खुद बक्यौता रकम	२०१	१६५०१७००९	सि.नं. (१-३+५)
८	खुद मुद्दा लगत	२७	३६४३६६४५७	सि.नं. (२-४+६)
९	खुद बक्यौता तथा मुद्धामा रहेका जम्मा	२२८	५२९३८३४६६	सि.नं. (७+८)

मुद्दा तथा पुनरावेदनको विवरण:

सि.नं.	पुनरावेदन गएको निकाय	पुनरावेदन गरेका करदाताको सख्या	पुनरावेदन रकम रू.
१.	श्री सर्वोच्च अदालत /पुनः दोहोर्याइ पाउने	८	२९,१६,४५,६२५।–
२.	श्री राजस्व न्यायाधीकरण	१९	७,२७,१८,८३२।–
		जम्मा	३६,४३,६६,४५७।–

माथिको तालिका विश्लेषण गर्दा भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको निर्णय उपर चित्त नबुझी न्यायिक निकायमा पुनरावेदन गर्ने क्रम उच्च रहेको र न्यायिक निकायबाट विवादको अन्तिम किनारा नभए सम्म कार्यालयको बक्यौता समेत नजनिने भएकाले थप महसुल निर्धारणका सम्बन्धमा चनाखो हुनुपर्ने र मुद्दाको सख्या र कम कम गर्नुपर्ने चुनौती थप हुदै गएको छ।

१५. बेरूजुको अवस्था:

यस कार्यालयमा आ.व.०७८/७९ मा रू.६ लाख १३ हजार बेरूजु रहेकोमा उक्त बेरूजु सम्परीक्षणका लागि भन्सार विभागमार्फत अर्थ मन्त्रालयमा पठाइएको छ। कार्यालयमा हालसम्म उक्त वेरूजु फछर्यौट भए/नभएको जानकारी प्राप्त नभएको र सो बाहेक यस कार्यालयको बेरूजु रकम शुन्य रहेको छ।

१६. वित्तीय प्रगति:

- आ.व. २०८१।८२ मा विनियोजन भएको पूँजीगत बजेट रू. ५८ लाख ६४ हजार ६५३ मध्ये रू. ३६ लाख ३८ हजार ३६४ खर्च भएको छ।
- आ.व. २०८१।८२ मा विनियोजन भएको चालु बजेट रू. ४ करोड ९० लाख ५५ हजारमध्ये रू. ४ करोड १० लाख ३० हजार ६७१ खर्च भएको छ।

१७. विगत ५ वर्षको महशुल निर्धारण तथा बक्यौता असुलीबाट दाखिला भएको राजस्व तथा खर्चको अवस्थाः

आर्थिक वर्ष	राजस्व संकलन	कुल खर्च	खर्चको अनुपातमा राजस्वको योगदान
२०७७/७८	२०६८५३६२।००	३०९८६६४९।००	६६।७६
२०७८/७९	६१४६४६९१।२०	५२११८०९६।०५	११७।९३
२०७९/८०	५०१४७३८४।००	३९४७०५४५।३२	१२७।०५
२०८०/८१	४२७२२११५।००	४७८९२७५२।९०	८९।२०
२०८०/८१	३५८११३४९।४२	४८११४०६१।४०	७४।४३



१८. अन्य

- ❖ देशका विभिन्न स्थानहरू जनकपुर, जलेश्वर, तातोपानी, रसुवा तथा कैलाली भन्सार कार्यालयहरूमा भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी अन्तरक्रिया सम्पन्न गरिएको छ।
- ❖ भन्सार जाँचपास परीक्षण कार्यविधि, २०७५ को परिमार्जित मस्यौदा "भन्सार जाँचपास परीक्षण कार्यविधि, २०७८" स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- ❖ कार्यालयका पुराना र काम नलाग्ने जिन्सी मालसामानहरूको लिलाम गरिएको छ।
- ❖ कार्यालयका लागि आवश्यक कम्प्युटरलगायतका जिन्सी मालसामानहरू खरिद गरिएको छ।

१९. भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी अन्तरक्रिया

भन्सार जाँचपास परीक्षण सम्बन्धी हुने सेवा प्रवाहको सूचक अनुसार मुलुकका विभिन्न स्थानहरूमा भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी अन्तरक्रिया सञ्चालन गर्ने कार्यक्रम रहेको थियो। उक्त कार्यक्रममा व्यापार व्यवसायसँग सम्बन्धित आयात निर्यातकर्ताहरू, भन्सार एजेन्टहरू, उद्योगी, कर्मचारीहरू समेतलाई भन्सार जाँचपास परीक्षण सम्बन्धमा सुसूचित गराउने उद्देश्य राखिएको थियो। जसअनुसार मेची भन्सार कार्यालय, विराटनगर भन्सार कार्यालय, जनकपुर भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय, तातोपानी भन्सार कार्यालय लार्चा सिन्धुपलाञ्चोक, रसुवा भन्सार कार्यालय टिमुरे रसुवा, भैरहवा भन्सार कार्यालय, बीरगञ्ज भन्सार कार्यालय, नेपालगञ्ज भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय र महेन्द्रनगर भन्सार कार्यालयहरूमा अन्तरक्रिया सञ्चालन गरिएका थिए। उक्त कार्यक्रमबाट भन्सार प्रशासनलाई चुस्त छरितो एवम् समय सान्दर्भिक बनाई नागरिक अपेक्षा अनुरूपको प्रशासन संयन्त्रको रूपमा विकास गर्न प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका थिए।

(१) भन्सार जाँचपास परीक्षणसम्बन्धी कानुनी अधिकार, काम, कर्तव्य एवम् जिम्मेवारीका सम्बन्धमा कार्यालयले खेलेको भूमिकाका बारेमा सरोकारवालाहरूलाई जानकारी प्रदान गर्ने।

(२) कार्यालयको कार्यसम्पादनका सम्बन्धमा सरोकारवालाहरूसँग छलफल तथा पृष्ठपोषण प्राप्त गर्ने।

(३) भन्सार प्रशासन र व्यवसायीहरूकाबीचमा साझेदारीपूर्ण सम्बन्धको विकास गर्ने।

(४) भन्सार जाँचपासका क्रममा हुने गरेका त्रुटिहरूका बारेमा व्यवसायीहरूलाई जानकारी प्रदान गर्ने।

(५) भन्सार प्रशासन र करदाताबीच सहसम्बन्ध स्थापित गराउदैँ निकासी/पैठारी व्यापार सहजीकरणमार्फत राजस्व संकलनमा अभिवृद्धि गर्ने।

अन्तरक्रियाको विषयवस्तुमा भन्सार जाँचपासको परिचय, भन्सार जाँचपास पछिको परीक्षणको उद्देश्य, महत्व, PCA सम्बन्धी भन्सार ऐन, नियम र कार्यविधिमा भएका कानुनी व्यवस्थाहरू, परीक्षण प्रक्रियासम्बन्धी सामान्य जानकारीहरू, निकासी पैठारीकर्ताहरूको कर्तव्यलगायतका विषयहरू रहेका थिए। उक्त कार्यक्रम सञ्चालन, प्रस्तुतीकरण, सामूहिक छलफल, सवाल तथा जवाफ (अन्तरक्रिया) विधिबाट गरिएको थियो।

२०. तालिम तथा अन्तरक्रियाबाट प्राप्त सुझाबहरू

मुलुकका विभिन्न स्थानहरूमा सञ्चालन गरिएका अन्तरक्रियामा जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउन प्राप्त सुझावहरूमध्ये मुख्य सुझावहरू निम्न रहेका थिए।

१. जाँचपास पछिको परीक्षण प्रक्रियासम्बन्धी सुधार (Audit process)

(क) जाँचपास पछिको परीक्षणमा स्थापित अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गरी परीक्षण गर्नुपर्ने देखिएको।

(ख) जाँचपास पछिको परीक्षणका लागि निकासी/पैठारीकर्ता छनौट गर्दा Real Time Selection गर्नुपर्ने देखिएको।

(ग) भन्सार जाँचपास परीक्षण कार्य गत वर्ष (Prior Year Base) आधारित नभई चालु वर्ष (Current Year Base) Audit मा जानुपर्ने देखिएको।

(घ) व्यवसायीको कार्यस्थलमा नै जाँचपास पछिको परीक्षण गरिएमा परीक्षण कार्य सहज एवम् लागत प्रभावकारी हुने देखिएको।

(ङ) जाँचपास पछिको परीक्षणबाट प्राप्त नजिताहरू पृष्ठपोषणको रूपमा उपयोग गर्न सकिने देखिएको।

२. नीतिगत तथा संरचनागत सुधार (Policy and Structural Reform)

(क) जाँचपास पछिको परीक्षणलाई प्रभावकारी बनाउन आवश्यक नीतिहरू तर्जुमा गर्नुपर्ने देखिएको।

(ख) भन्सार जाँचपास परीक्षण कार्यालयको कार्य विवरणसँग आबद्ध हुने गरी संगठन संरचनामा सुधार गर्नुपर्ने देखिएको।

(ग) जाँचपास पछिको परीक्षणमा व्यावसायिकताको विकास गर्नुपर्ने देखिएको।

(घ) पर्याप्त र दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने देखिएको। (जस्तो: - Data Interpreter, Data Analyst, Software Engineer आदिको व्यवस्था)

(ङ) व्यवसायीले दिएका सुधारका सुझावहरूलाई मूर्तरूप दिन आर्थिक ऐनमा सुधारमा कार्यालयबाट निरन्तर पहल गर्नुपर्ने।

(च) स्वयं घोषणामा आधारित भन्सार प्रशासन भएकाले व्यवसायीले घोषणा गरेकोमा राज्यले विश्वास गर्नु पर्ने र गलत घोषणालाई मात्र दण्डित गर्ने व्यवस्था गर्नु पर्ने।

(छ) व्यापार सहजीकरणको उद्देश्य रहेको भन्सार प्रशानसमा दण्ड जरिवानाको र महसुलको रकम अधिक भएकाले अन्तराष्ट्रिय अभ्यासका आधारमा पुनरावलोकन गर्नुपर्ने।

३. प्रक्रियागत सुधारः-

(क) भन्सार सम्वन्धी कानुनहरूको प्रत्येक वर्ष परिवर्तन संशोधन हुने भएकाले संशोधन हुने वित्तिकै अन्तरक्रिया र छलफल कार्यक्रम सञ्चालन गरी भन्सार जाँचपास परीक्षण कार्यालयको कार्यक्षेत्र, औचित्य र यसले गर्ने कामहरूको वारेमा सबै सरोकारवालाहरूलाई परिवर्तित व्यवस्थाको जानकारी गराउनुपर्ने।

(ख) व्यवसायीहरूले कानुनको परिपालना गर्न पुर्ण रुपमा सफल हुन सक्ने अवस्था नभएकाले १००% जरिवाना व्यहोर्नु विषयलाई कसुरको प्रकृतिको आधारमा तय गरिनु पर्ने।

(ग) भन्सार जाँचपास कार्यालयबाट औल्याइएका कैफियतहरूकै आधारमा जरिवाना नगरी सोही कैफियत पुनः दोहोरिएको अवस्थामा मात्र जरिवाना गर्नुपर्ने।

(घ) भन्सार जाँचपास कार्यालयबाट एउटै प्रकृतिमा फरक-फरक व्यवाहरको अन्त्य हुनुपर्ने।

(ङ) समयानुकुल भन्सार कानूनमा सुधारको लागि सरोकारवालाको सुझाव संकलन गर्नुपर्ने।

(च) एजेन्टहरूलाई समय सापेक्ष कानुनी व्यवस्था एवम् प्रक्रियाको वरेमा जानकारी हुने गरी अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने।

(छ) सही समयमा सही राजस्व दाखिला गर्ने गराउने र विश्वासनीय कारोवार गर्ने पैठारीकर्तालाई उच्च सम्मानको व्यवहार सहित पुरस्कृत गरिनुपर्ने।

३. कानुन संशोधन र परिमार्जन

(अ) जोखिम विश्लेषणको प्रणालीगत संरचना, ढाँचा विकास गर्नुपर्ने देखिएको। (जस्तै: - Risk Management Framework, Standard Operating Procedure (SOP) तयार गर्ने)

(आ) कर्मचारीको उत्प्रेरणा विकास गर्नुपर्ने देखिएको । (जस्तो: - कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्ने, विज्ञ-विज्ञाताको विकास गर्ने, क्षमता अभिवृद्धि गराउने)

२१. परीक्षण तथा पुनरावलोकन:

भन्सार विभाग र यस कार्यालयले भन्सार ऐन, २०६४ बमोजिम विभिन्न पैठारीकर्ताहरू वा निकासीकर्ताले पैठारी वा निकासी गरेको मालवस्तुको सम्बन्धमा भन्सार जाँचपास पछिको परीक्षणका लागि छनौट गरी सोही ऐनको दफा ३४ बमोजिम परीक्षण गरी कैफियत देखिएका पैठारीकर्ताहरू वा निकासीकर्ताहरूको थप महसुल निर्धारण गर्ने व्यवस्था रहेको छ । यस कार्यालयको परीक्षण शाखाले पैठारीकर्ता वा निकासीकर्ताले पेस गरेको प्रज्ञापनपत्र लगायतका कागजातहरूको अध्ययन, छानविन तथा आवश्यकता अनुसार सम्बन्धित पैठारीकर्ता वा निकासीकर्ताको कारोवारस्थल, गोदाम तथा उद्योग परिसर एवम् मौज्दातमा रहेका मालवस्तुको अवलोकन गरी कैफियत देखिएका विषयमा सोही बमोजिमको महसुल निर्धारणको प्रारम्भिक आदेश जारी गरी सो सम्बन्धमा महसुल निर्धारण गर्नु नपर्ने भए भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (७) बमोजिम १५ दिन भित्र सफाई पेस गर्न भनी सूचना जारी गर्ने अभ्यास रहेको छ। पैठारीकर्ता वा निकासीकर्ताले तोकिएको म्यादभित्र सफाई पेस गरेमा सफाई पेस भएपछि वा सफाई पेस नभएमा सफाई पेस गर्ने म्याद नाघेपछि अन्तिम महसुल र जरिवाना निर्धारण गरी सम्वन्धित पैठारीकर्ता वा निकासीकर्तालाई सो बमोजिमको रकम दाखिला गर्न आदेश जारी गर्ने गर्दछ। महसुल तथा जरिवाना निर्धारण गर्नुपर्ने नदेखिएमा सोको जानकारी सम्बन्धित पैठारीकर्ता वा निकासीकर्तालाई दिने गरिएको छ।

यस कार्यालयबाट निर्धारण गरिएको महसुल निर्धारणको निर्णयउपर चित्त नबुझेमा भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम राजस्व न्यायाधीकरणमा पुनरावेदन दिन सकिने व्यवस्था रहेको छ। केही पैठारीकर्ता वा निकासीकर्ताले यस कार्यालयको प्रारम्भिक महसुल निर्धारण आदेश प्राप्त भएपछि सम्मानित सर्वोच्च अदालतमा रिट निवेदनमा जाने गरेको देखिएको छ। राजस्व न्यायाधीकरणबाट भएको फैसलाउपर चित्त नबुझेमा पैठारीकर्ता वा निकासीकर्ताले सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनका लागि निवेदन दिने

गर्दछन् । यस का अतिरिक्त राजस्व न्यायाधीकरणबाट भएको फैसला उपर कार्यालय सम्मानीत सर्वोच्च अदालतमा निवेदन गर्ने र सर्वोच्च अदालतबाट भएको निर्णय विरुद्ध समेत कार्यालय कसुरको प्रकृति हेरी पुनः दोरोर्याइ पाउँको निवेदन सम्मानीत सर्वोच्च अदालतमा पेश गर्ने गर्दछ ।

भन्सार ऐन, २०६४ बमोजिम जाँचपास पछिको परीक्षण गरी संवत् २०८1 साल असार मसान्तभित्र महसुल निर्धारण भएको तर महसुल नबुझाएको वा राजस्व न्यायाधीकरण वा अदालतमा विचाराधीन रहेका मुद्दा सम्बन्धित पैठारीकर्ताले फिर्ता लिई त्यस्ता महसुल निर्धारणबाट कायम भएको भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर बापतको पूरै रकम संवत् २०८० साल मंसिर मसान्तभित्र बुझाएमा सोमा लागेको जरिवाना र यस दफाको सुविधा उपयोग गर्न निवेदन दिएको मितिसम्मको सम्पूर्ण ब्याज मिनाहा हुनेछ भनी आर्थिक ऐन, २०८० मा तोकिएकोमा ऐनले तोकेको समयसीमा भित्र १६ वटा फर्महरूले सर्वोच्च अदालतबाट विभिन्न मितिमा मुद्दा फिर्ता लिइ सो वापत रू.१,५६,२६,३३९/- राजस्व दाखिला भएको र रू.१,३९,०२,०८५/- फिर्ता दिइएको थियो । सोही बमोजिमको सुविधा यस आर्थिक वर्ष २०८१/८२ मा नभएकाले उक्त विषयमा न्यून प्रगति भएको छ । यसैगरी यस आर्थिक वर्षमा विभिन्न समयमा महसुल निर्धारण भइ दाखिला नगरेका निकासी पैठारीकर्ताहरूको सार्वजिनक पत्रिकामा सूचना निकाली एक्जिम कोड बन्द गरिएको र सार्वजनिक सुचना प्रकाशन पश्चात् महसुल दाखिला वा दाखिला गरिसकेका रकमको हिसाव मिलान गरी बक्यौताको हिसाव छरितो एवम् चुस्त बनाइएको छ ।

२२. समस्या तथा चुनौतीहरू:-

- कारोवार मूल्यमा आधारित परीक्षण पद्धति भएको र अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूमा यथार्थ कारोवार मूल्य घोषणा नगर्ने भएकाले मालवस्तुको गुणस्तर, परिमाण, उत्पत्तिको मुलुक आदिले मूल्यलाई प्रत्यक्ष वा परोक्षरूपमा प्रभाव पार्ने भएको हुँदा वास्तविक कारोवार मूल्यको घोषणा गर्न गराउन समस्या देखिएको छ ।
- Compliance & Control का बीचमा सन्तुलन कायम गरी सहभागिता अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- PCA को विषयमा निकासी/पैठारीकर्ता, उद्योगी व्यवसायी, भन्सार एजेन्ट तथा सम्बन्धित सरोकारवालालाई जानकारी गराई उनीहरूको सहयोग र समर्थनमा भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी कानुनको परिपालना गराउन चुनौती रहेको छ ।

- ❖ परीक्षक वा कर्मचारीको ज्ञान, सिप, क्षमताको विकास गरी उत्प्रेरित जनशक्तिको माध्यमबाट परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउनु चुनौतीपूर्ण रहेको छ।
- ❖ पर्याप्त स्रोत र साधनको अभावमा गुणस्तरीय परीक्षण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ।
- ❖ व्यवसाय सञ्चालक तथा सरोकारवालामा नौतिकता, इमान्दारीता, व्यावसायिकता, (Ethics and Morality) आदिको विकास गर्न चुनौती रहेको छ।
- ❖ भन्सार जाँचपास पछिको परीक्षणसँग सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय र सहकार्यको वातावरण सिर्जना गरी सूचनामाथिको पहुँच बढाउने कार्य चुनौतीपूर्ण छ।
- ❖ भन्सार जाँचपास पछिको परीक्षण कार्य बहुआयामिक हुनुकासाथै बहुक्षेत्रसँग सम्बन्धित भएकाले PCA को सफल र प्रभावकारी कार्यान्वयनका लागि लेखा र लेखापरीक्षणदेखि प्राविधिक र कानुनी सबै प्रकारका ज्ञान ,सिप र क्षमता आवश्यक पर्ने हुँदा विशिष्टीकृत मानवस्रोतको आपूर्ति गर्नु चुनौपूर्ण रहेको छ।

२३. आ.व. २०८१/८२ को रणनीति तथा कार्यनीतिः

यस कार्यालयको उद्देश्य राजस्व संकलनमा योगदान गर्ने भन्दा पनि व्यापार सहजीकरण र भन्सार कार्यालयहरूबाट सम्पादन भएका कार्यहरूको परीक्षण गरी उक्त कार्यहरूलाई थप कानुनसम्मत बनाउन सहयोग गर्नु भन्ने सोचका साथ व्यापार सहजीकरण गर्ने सन्दर्भमा भन्सार जाँचपास परीक्षणका बारेमा सरोकारवालाहरूमा सूसूचित गराउने कार्यतर्फ जोड दिदै देहाय बमोजिम कार्ययोजना तथा रणनिति लिईएको थियो।

रणनीतिः

- ❖ व्यापार सहजीकरण एवम् भन्सार जाँचपास परीक्षण कार्यलाई व्यवसायीमैत्री बनाउन यस कार्यालयको क्षमता अभिवृद्धि गर्दै आम सरोकारवालाहरूमा सूचनामूलक कार्यक्रममा जोड दिइने।
- ❖ यस अघि गरिएका परीक्षणका अनुभवका आधारमा राजस्व जोखिम देखिएका Consignment, Firm र Product हरूलाई प्राथमिकता दिई परीक्षण गर्ने।
- ❖ Consignment Audit मा राजस्व जोखिम देखिएका फर्महरूलाई Firm Audit मा छनौट गरी परीक्षण गर्ने।

- महसुल निर्धारणको लक्ष्यलाई मध्यनजर गरी आगामी महिनाहरूमा मासिक रूपले लक्ष्य पुनः विभाजन गरी लक्ष्य हासिल गर्न क्रियाशील रहने।
- चालु भन्सार सुधार आधुनिकीकरण योजनामा रहेका भन्सार जाँचपास परीक्षण कार्यालयसँग सम्बन्धित विषयहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

कार्यनीतिः

- कार्यालयलाई तोकिएबमोजिम परीक्षण तथा स्थलगत परीक्षणको कार्य सम्पादन गरी जाँचपास पछिको परीक्षण कार्यलाई विविधीकरण गर्ने।
- राजस्व जोखिमका क्षेत्रहरूको पहिचान गरी थप महसुल निर्धारण गर्ने।
- विगतका बक्यौता विवरण तथा राजस्व बक्यौता असुलीका लागि कानुनी कारवाही गर्ने।
- गलत भन्सार घोषणाका कारणले चुहावट नियन्त्रणलाई थप प्रभावकारी बनाई भन्सार विन्दुमा नै वास्तविक घोषणा गर्ने वातावरण सिर्जना गर्ने।
- निर्धारित लक्ष्यभन्दा बढी प्रगति हासिल गर्न वार्षिक कार्य योजना तथा परीक्षण योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- अन्तरक्रिया कार्यक्रमलाई विस्तार गरी मुख्य व्यापारिक क्षेत्रहरूमा सञ्चालन गरी निकासीकर्ता तथा पैठारीकर्ता शिक्षामा जोड दिई घोषणाकै अवस्थामा सुधार हुने वातावरणको सिर्जना गर्ने।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि भन्सार जाँचपास पछिको परीक्षणसम्बन्धी तालिम सञ्चालन गर्ने।
- PCA MIS (Post Clearance Audit Management Information System) तयार गरी कार्यान्वयनमा ल्याउने।
- PCA बाट भएको कारवाहीबाट निकासी वा पैठारीकर्तामा के कस्तो सुधार भयो वा भएन भन्ने विषयमा निकासी र पैठारीकर्ताको Profile तयार गरी त्यसलाई निगरानीमा राखी सुधार गराउने पद्धतिको विकास गर्ने।
- भन्सार जाँचपास पछिको परीक्षणको क्रममा देखा परेका कैफियतहरूका सम्बन्धमा भन्सार विभागमार्फत सम्बन्धित भन्सार कार्यालयहरूलाई निर्देशन हुन आवश्यक पृष्ठपोषण तयार गर्ने।

१८. भावि कार्यदिशा:

- Border based control बाट Audit based control तर्फ लैजाने ।
- Internal control System लाई प्रभावकारी बनाउन भन्सार जाँचपास पछिको परीक्षण मुख्य आधारशिला हुने ।
- भन्सार जाँचपास पछिको परीक्षण कार्यालयलाई स्वायत्त संस्थामा रूपान्तरण गर्ने ।
- भन्सार आधुनिकीकरण र सुधारको कार्ययोजना (२०७८ - २०८३) भित्र भन्सार जाँचपास पछिको परीक्षणको कार्यदिशालाई सम्बोधन गर्ने गरी एकिकृत रूपमा लैजाने ।
- भन्सार परीक्षक तथा कार्यालयमा कार्यरत कर्मचारीको ज्ञान, सिप, क्षमताको विकास गरी उत्प्रेरित एवम् व्यावसायीक जनशक्तिको माध्यमबाट परीक्षणको कार्य गर्ने ।
- पुराना बक्यौता फाइलको परीक्षण कार्यलाई तीव्रता दिइने । परीक्षण कार्यलाई सूचानामूलक, तथ्यपरक बनाई गुणात्मक वृद्धि गरिने । यसबाट थप राजस्व निर्धारण हुने ।
- अन्तरक्रिया कार्यक्रमलाई थप बिस्तार गर्दै लगिने । भन्सार कर्मचारी, आन्तरिक राजस्वका कर्मचारी, वस्तुगत संघसंस्था तथा सरोकारवाला उद्योग वाणिज्यका प्रतिनिधिमूलक संस्थाहरूको सहभागितामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने ।
- कार्यरत कर्मचारीलाई कार्यसम्पादनसँग सम्बन्धित विषयमा तालिम प्रदान गरिने ।
- Software निर्माण गरी, परीक्षण प्रतिवेदन, निर्धारण आदेश, निर्णय, बक्यौता लगत, मुद्दा र असुली सम्बन्धमा सबै कार्यलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गरिने ।

२४. निष्कर्ष:

भन्सारको प्रमुख कार्य राजस्व संकलन गर्ने, अन्तर्राष्ट्रिय वैध व्यापारलाई सहजीकरण तथा निकासी एवम् पैठारी व्यपारलाई प्रवर्दन गर्दै ब्यवसायिक लागत कम गरी पैठारीकर्ता अर्थात् निकासीकर्ताको सामुहिक हित प्रवर्द्धन गर्ने कार्यलाई सहजीकरण गर्न भन्सार विभाग र सो मातहत चालीस वटा मुल भन्सार कार्यालय सहित १३३ कार्यालयहरू कार्यरत रहेका छन् । जस अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय समेत एक हो ।

भन्सार प्रशासनले अवलम्बन गरेको छठौं चरणको चालु भन्सार सुधार तथा आधुनिकीकरण योजनाले निर्धारित गरेका लक्ष्यहरू, नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रमहरू,

अन्तर्राष्ट्रिय रूपमा भन्सारले अवलम्बन गरेका असल अभ्यास तथा प्रचलनहरूलाई एकिकृत गरी तयार गरेको बार्षिक कार्ययोजनामा उल्लिखित कार्यक्रमहरूको सफल कार्यान्वयन गरी विश्व भन्सार संगठनको उद्देश्य, मर्म र अवधारणा अनुरूप भन्सार प्रशासनको विकास गर्नु पर्ने आजको आवश्यकतामा भन्सार जाँचपास परीक्षण कार्यालय समेत अहोरात्र लागि रहेको छ।

वि.स. २०६६ आश्विन ५ गते स्थापना भएको यस कार्यालयले निकासी/पैठारीकर्ताले सामान निकासी/पैठारी गरे पश्चात् भन्सार विन्दुमा गरेको घोषणा, (मूल्य,दर,वर्गीकरण,महसुल,सुविधा) आदी विषयमा विश्वसनीय तवरले मालबस्तुको जाँचपास भए नभएको सही मूल्याङ्कन गरी राजस्व असुल भए नभएको विषयहरू परीक्षण गरी छुट भएको महशुल असुल गर्दै आगामी दिनमा उक्त प्रकृतिको गल्ती नदोरिने विषयमा सचेत गराउनका साथै भन्सार कार्यालयहरूवाट जाँचापास भएका मालवस्तु निकासी/पैठारीकर्ताले घोषणा गरे बमोजिमको मालवस्तु हो होइन, निकासी/पैठारीकर्ताले घोषणा गरे बमोजिम छ छैन, कुनै महसुल तथा करहरू असूल गर्न छुटेका छन् छैनन्, न्यून बीजकीकरण भएको छ छैन, साथै भन्सार ऐन, नियम तथा अन्य प्रचलित कानूनको सही तवरले पालना भएको छ छैन, आदी सम्पूर्ण पक्षहरूको जाँच एवम् परीक्षण गरी भन्सार प्रशासन सुधारमा टेवा दिने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो।

अन्तर्राष्ट्रिय व्यापारमा हुने परिवर्तनशील प्रवृत्ति र प्रविधिको क्षेत्रमा भइरहेको निरन्तर विकासलाई आत्मसात गर्दै भन्सारका नवीन चुनौती एवम् समस्याहरूलाई समाधान गर्न, नयाँ साझेदारहरू सँग सहकार्य गरी समन्वयात्मक रूपमा अग्रगामी सुधार गर्दै भन्सार प्रणालीलाई सरलीकृत, व्यापार सहजीकरण, सीमा सुरक्षा, स्थायी प्रकृतिको आपूर्ति श्रृंखला निर्माण गर्दै समग्र भन्सार प्रशासनको सुधार गर्ने ध्येयकास्वयं घोषणाको सिद्धान्तबमोजिम निकासी वा पैठारीकर्ताले भन्सारमा गरेको घोषणा ठीक छ भनी गरिएको विश्वासको परीक्षण गर्नका लागि गरिने परीक्षण कार्य भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि जोखिममा आधारित व्यवस्थापन वा परीक्षण पद्धतिको अवलम्बन, भन्सार अधिकृत वा परीक्षकको ज्ञान, सिप, क्षमताको अभिवृद्धि (The Skills and competence of customs officials) प्रवर्द्धनात्मक, उपचारात्मक र नियन्त्रणात्मक कानुनी वातावरण र व्यवसायीमा उच्च तहको Integrity, Morality and Ethics हुन अपरीहार्य छ। साथै व्यवसायको पारदर्शिता र वैज्ञानिक लेखापालन, सूचनाको आदानप्रदान र सूचना माथिको सहज पहुँच, तालिम प्राप्त उच्च मनोबलयुक्त परीक्षक, कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली र प्रभावकारी अनुगमन, मूल्यांकन तथा पृष्ठपोषण

पद्धतिको पनि उत्तिकै अनिवार्यता रहेको हुन्छ । यस प्रकारका आवश्यक तत्वहरूको परिपूर्ति निकट भविष्यमा हुनसक्ने कमै सम्भावना छ तथापि उपलब्ध स्रोत, साधन र कार्य वातावरणमा सम्भव हुने जति उपलब्धि हासिल गर्न प्रयत्नशील रहनुको कुनै विकल्प छैन ।

अतः भन्सार प्रशासनलाई बहुआयामिक रूपमा सुधार गर्न भन्सार जाँचपास परीक्षण कार्यालयबाट प्राप्त महत्वपुर्ण पृष्ठपोषणलाई भन्सार प्रशासनले बिर्सन हुदैन । सुधार एक निरन्तर प्रक्रिया भएकाले भन्सार प्रशासनमा देखिएका कमी कमजोरीहरूलाई भन्सार जाँचपास परीक्षण कार्यालयबाट निर्धक्कसाथ औल्याइ सुधारको लागि पहलकदमी गर्नु पर्ने, प्राप्त सुधारका सुझावहरूको संस्थागत प्रोफाइल तयार गरी कुनै एक कार्यालयमा देखिएका कमी कमजोरी अर्को कार्यालयबाट नदोहोरिने व्यवस्थाको अवलम्बन गर्न भन्सार विभाग अन्तर्गत, भन्सार जाँचपास परीक्षण कार्यालय समेतलाई उपयुक्त हुने एक छुट्टै सफ्टवेयर निर्माण गर्नु पर्ने देखिन्छ । स्वयं घोषणामा आधारित भन्सार प्रशासनमा निकासी वा पैठारीकर्ताले घोषणा गरेको ठिक छ भनी विश्वास गर्ने आधार नहुने भएकाले जोखिममा आधारित परीक्षण पद्धतिबाट भन्सार प्रशासनको ज्ञान, सिप र क्षमतामा अभिवृद्धि गर्दै नियन्त्राणात्मक, उपचारात्मक र प्रवद्धनात्मक वातावरण निर्माण गरी व्यवसायीको नैतिकतामा सुधार गर्नु, भन्सार ऐनबाट निद्धिष्ट गरिएको निलो मार्गको अवलम्बन गरी व्यवसायिक आचरसंहिता निर्माण, भन्सार प्रशासन र निकासी पैठारीकरता बीच स्वच्छ र हार्दिक सम्बन्ध स्थापना गर्नु आवश्यक रहेको छ । व्यवसायिक पारदर्शिता, वैज्ञानिक लेखापालन प्रणाली र सूचना प्रविधिको अधिकतम प्रयोगद्धारा भन्सार प्रशासन एवम् निकासी पैठारीकर्ताको मनोबल उच्च राख्दै स्वच्छ भन्सार प्रशासन सञ्चालनमा सबै पक्षको अतुलनीय योगदानको आवश्यकता रहेको छ ।

परिशिष्ट — १

परिशिष्ट — १

भन्सार ऐन, २०६४ को दफा ३४

३४. जाँचपास पछि परीक्षण गर्न सकिनेः– (१) निकासी वा पैठारी भएको मालवस्तुको सम्बन्धमा देहायका कुराहरू एकिन गर्नका लागि महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद , बिक्री, निकासी वा पैठारी सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैंक अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछः–

(क) दफा १८ को उपदफा ७ बमोजिम मालवस्तु घोषणा गरे नगरेको,
(ख) घोषणा बमोजिम मालवस्तु भए नभएको,
(ग) मालवस्तुको भन्सार मूल्य यथार्थ भए नभएको,
(घ) मालवस्तुको वर्गीकरण उपशीर्षक ठीक भए नभएको,
(ङ) मालवस्तु निकासी वा पैठारी गर्दाका बखत प्रचलित कानुनबमोजिम बुझाउनुपर्ने महसुल बुझाए नबुझाएको,
(च) यस ऐन वा अन्य प्रचलित ऐनबमोजिम पूर्ण वा आंशिक भन्सार महसुल छुट वा सुविधामा पैठारी गरेका मालवस्तु उद्देश्यबमोजिम प्रयोग भए नभएको र सम्बन्धित व्यक्तिले पैठारी गरे नगरेको,
(छ) मालवस्तु पैठारी गर्दा प्रज्ञापन पत्र, खरिद विजक वा पैठारी सम्बन्धी अन्य कागजातमा उल्लेख गरेका नाप, आकार, इकाई र निजको खरिद खाता, बिक्री खाता, बिक्री विजकमा उल्लेख गरिएका नाप, आकार, इकाईमा एकरूपता भए नभएको।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको भन्सार मूल्य फरक परेको वा वस्तु वर्गीकरण उपशीर्षक फरक परेको वा प्रचलित कानुनबमोजिम लाग्ने महसुल छुटेको कारणले कम महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी कम असुल भएको महसुल असुल गरी सोही महसुल बराबर जरिवाना गर्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासी वा पैठारी गरेको मालवस्तु घोषणा गरेको भन्दा भिन्न पाइएमा वा परीमाण घटी घोषणा गरेको पाइएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यसरी फरक घोषणा वा परीमाण घटी गरेबापत लाग्ने महसुल असुल गरी दफा ५७ बमोजिम जरिवाना गर्नेछ।

(४) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (क) बमोजिम घोषणा नगरी पैठारी गरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिवाना गर्नेछ।

तर मालवस्तुको प्रकृति अनुसार खुलाउन नसकिने किसिमका विवरण नखुलाएको आधारमा यस उपदफाबमोजिम जरिवाना गरिने छैन।

(५) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (च) बमोजिमको महसुल छुट सुविधा उद्देश्य विपरीत प्रयोग गरेको वा सम्बन्धित व्यक्तिले पैठारी नगरेको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले दफा ५७ को उपदफा २० बमोजिम जरिवाना गर्नेछ।

(६) उपदफा (१) बमोजिम परीक्षण गर्दा सो उपदफाको खण्ड (छ) बमोजिम मालवस्तुको नाप, आकार र इकाईमा एकरूपता नभएको पाइएमा महानिर्देशक वा भन्सार परीक्षकले त्यस्तो मालवस्तुको भन्सार मूल्यको पाँच प्रतिशत जरिवाना गर्नेछ।

(७) यस दफाबमोजिम परीक्षण गर्दा महसुल वा जरिवाना असुल गर्नुपर्ने देखिएमा महानिर्देशक वा भन्सार परीक्षकले महसुल र जरिवाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सोको जानकारी दिई सफाई पेस गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम जानकारी प्राप्त गरेपछि सम्बन्धित व्यक्तिले पन्ध्र दिनभित्र सफाई पेस गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम सफाई पेस भएमा सफाई पेस भएपछि वा सफाई पेस नभएम सफाई पेस गर्ने म्याद नाघेपछि महानिर्देशक वा भन्सार परीक्षकले अन्तिम महसुल र जरिवाना निर्धारण गरी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सो बमोजिमको रकम दाखिला गर्ने आदेश दिनेछ।

महसुल वा जरिवाना निर्धारण गर्नुपर्ने नदेखिएमा सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम आदेश प्राप्त गरेको मितिले पैँतीस दिन भित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिएबमोजिमको रकम दाखिला गर्नु पर्नेछ। उक्त अवधि भित्र रकम दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिवाना दखिला गर्ने आदेश दिएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसमेत गणना असुल गरिनेछ।

(११) उपदफा (१०) बमोजिम बुझाउनु पर्ने रकम नबुझाएमा निकासीकर्ता वा पैठारीकर्ताको निकासी वा पैठारी लगायतका कारोवार तथा चल अचल सम्पत्ति रोक्का गरी महानिर्देशक वा भन्सार परीक्षकले सोही सम्पत्तिबाट त्यस्तो रकम असुल गर्नेछ।

(१२) उपदफा (११) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असुल गरिनेछ।

(१३) महानिर्देशक वा भन्सार परीक्षकले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैंक वा वित्तीय संस्था एवम् निकासीकर्ता वा पैठारीकर्ताको कारोवारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोवार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ। त्यसरी माग गरिएको हिसाब, कर विवरण, बीजक तथा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(१४) उपदफा १ बमोजिम परीक्षण गर्दा महानिर्देशक वा भन्सार परीक्षकले प्रमाण बुझ्न, सम्बन्धित व्यक्तिलाई बयान गराउन तथा लिखत, प्रमाण वा कागजात पेस गर्न लगाउन सक्नेछ।

(१५) उपदफा १४ को प्रयोजनका लागि महानिर्देशक वा भन्सार परीक्षकले व्यक्तिगत वा सार्वजनिक रूपमा सूचना जारी गर्न सक्नेछ।

(१६) उपदफा १५ बमोजिम जारी गरिएको सूचनाको म्याद भित्र उपस्थित नहुने वा माग भएबमोजिम लिखत, प्रमाण वा कागजात पेस नगर्ने निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार

परीक्षकले दफा ५७ को उपदफा (१५क) बमोजिम जरिवाना गरी निजको निकासी वा पैठारी सम्बन्धी कारोवार रोक्का गरी उपलब्ध भएसम्मका लिखत, प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ।

(१७) उपदफा १६ बमोजिम परीक्षण गरी सकेपछि सो निकासीकर्ता वा पैठारीकर्ताका सम्बन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफाबमोजिम पुनः परीक्षण गर्न सकिनेछ।

(१८) यस दफाबमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ।

तर कुनै निकासीकता वा पैठारीकर्ताले झुट्ठा लिखत वा कागजात तयार गरी प्रचलित कानुनबमोजिम लाग्ने भन्दा कम महसुल दाखिला गरेको प्रमाणित भएमा भन्सार परीक्षकले महानिर्देशकको अनुमति लिई चार वर्ष पछि समेत परीक्षण गर्न सक्नेछ।

(१९) यस दफाबमोजिम निकासीकर्ता वा पैठारीकर्तालाई महानिर्देशक वा भन्सार परीक्षकले दिने सूचना वा म्याद वा सफाई पेस गर्ने सूचना वा महसुल र जरिवाना दाखिला गर्ने आदेश सम्बन्धित व्यक्तिको इमेल ठेगानामार्फत पठाउन सक्नेछ। त्यसरी इमेल ठेगानमा पठाइएको सूचना, जानकारी वा आदेश निजले प्राप्त गरेको मानीनेछ।

परिशिष्ट — २

भन्सार नियमावली, २०६४ को परिच्छेद-५

जाँपास पछिको परीक्षणसम्बन्धी व्यवस्था

२६. निकासीकर्ता वा पैठारीकर्ताले कागजात सुरक्षित राख्नुपर्नेः ऐनको दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गर्ने प्रयोजनका लागि पैठारीकर्ताले आफूले पैठारी गरेका मालवस्तुसँग सम्बन्धित देहायबमोजिमका विवरण एवम् कागजात तयार गरी त्यस्तो मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(क) निकासी वा पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद र खरिद खाता,
(ख) बिक्री बीजक तथा बिक्री खाता,
(ग) परिमाण समेत खुलेको मौज्दात विवरण,
(घ) मालवस्तुको निकासी वा पैठारी र बिक्रीसँग सम्बन्धित बैंकिङ्ग अभिलेख,
(ङ) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,
(च) आफ्नो कारोवारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,
(छ) निकासी वा पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण।

२७. जाँचपास पछिको परीक्षणसम्बन्धी अन्य व्यवस्था

(१) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजका लागि भन्सार कार्यालयमा निकासीकर्ता वा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भएबमोजिमका मूल्याङ्कनका सबै वा कुनै तरिका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिनेछ।

(२) ऐनको दफा ३४ को उपदफा (३) को प्रयोजनका लागि निकासी वा पैठारी भएको मालवस्तुको परिमाण यकिन गर्न मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ।

(३) पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यको सत्यता

परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोवारको अभिलेख परीक्षण गर्न सकिनेछ।

(४) जाँचपास पछिको परीक्षण गर्दा महानिर्देशक वा भन्सार परीक्षकले सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई सम्भव भएसम्म सो परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनुपर्नेछ।

२८. कागजात माग गर्न सक्नेः

(१) जाँचपास पछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार परीक्षकले सो प्रयोजनका लागि आवश्यक देखेमा बैंक, वित्तीय संस्था एवम् निकासीकर्ता वा पैठारीकर्ताको कारोवारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोवार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात पन्ध्र दिनको म्याद दिई माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित बैंक वा वित्तीय संस्था वा अन्य निकायको कर्तव्य हुनेछ।

परिशिष्ट — ३

विभिन्न कार्यालयहरूमा गरिएको अन्तरक्रिया तथा छलफलहरूको झलक:

रसुवा भन्सार कार्यालय टिमुरेको अन्तर्क्रिया कार्यक्रमको झलक

रसुवा भन्सार कार्यालय टिमुरेको अन्तर्क्रिया कार्यक्रमको झलक

धनगढी भन्सार कार्यालयहरूको अन्तर्क्रिया कार्यक्रमको झलक

महेद्रनगर भन्सार कार्यालयहरूको अन्तर्क्रिया कार्यक्रमको झलक

तातोपानी भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

महेद्रनगर भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

वीरगञ्ज भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

तातोपानी भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

कृष्णनगर भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

वीरगञ्ज भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

भैरहवा भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

भैरहवा भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

जलेश्वर भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक

विराटनगर भन्सार कार्यालयमा भएको अन्तर्क्रिया कार्यक्रमको झलक